का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ चैत २०८२
आइतबार
22 March 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह


राष्ट्रिय दैनिक


ईपेपर हेर्नुहोस्

वर्ष २४, अंक ५९। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसद्‌मा महिला इतिहासकै धेरै

करिब ३५ प्रतिशत प्रतिनिधित्व



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ फागुन

संघीय संसद्‌मा महिलाको प्रतिनिधित्व बढेको छ। यसपटकको निर्वाचनबाट प्रतिनिधिसभामा करिब ३५ प्रतिशत महिला सदस्य आएका छन्।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार यसपटक ९६ जना महिला सदस्यहरू प्रतिनिधिसभामा प्रवेश गरेका हुन्। यो २७५ सदस्यीय प्रतिनिधिसभामा ३४.९० प्रतिशत हो।

नेपालको संसदीय इतिहासमा महिलाको अहिलेसम्मकै उच्च प्रतिनिधित्व हो। यसअघि २०७९ सालको निर्वाचनबाट प्रतिनिधिसभामा ९२ जना महिला पुगेका थिए। यो ३३.४५ प्रतिशत हो।

संविधानले नै महिलालाई राज्यका हरेक निकायमा ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको छ। यसकारण यसकै वरिपरि प्रतिनिधित्व हुँदै आएकामा यसपटक केही बढेको हो।

२०७४ सालमा प्रतिनिधिसभामा ९० जना थिए। यो ३२.७२ प्रतिशत हो।

त्यसअघिको संविधानसभा ६०१ सदस्यीय थियो। २०६४ सालको पहिलो संविधानसभामा १९७ अर्थात् ३३ प्रतिशत र २०७०को दोस्रो संविधानसभामा १७६ महिला सांसद अर्थात् २९ प्रतिशत महिला सांसद थिए।

नेपालमा २००७ सालमा प्रजातन्त्र आएको भए पनि २०१५ सालमा मात्रै आमचुनाव हुन सक्यो। यो नै नेपालको पहिलो संसदीय निर्वाचन हो। जतिबेला १०९ सदस्यीय प्रतिनिधिसभा र ३६ सदस्यीय महासभा थियो। दुवैमा एक/एकजना मात्र महिला सांसद थिए। २०१७ सालमा कू भएपछि २०३६ सालसम्म पञ्चायती व्यवस्था »» पृष्ठ २ मा




# संसदीय दलको नेता चयनको दौडमा दलहरू



**नरेन्द्र केरुङ**
केन्द्रीय सदस्य, कांग्रेस

अर्जुननरसिंह केसीको विषयमा अनौपचारिक कुरा भए पनि कसलाई नेता बनाउने भन्ने निर्णय गरेका छैनौं। नयाँ परिवेशअनुसार हामीले पनि दलको नेतामा दाबी गरेका छौं।



**कवीन्द्र बुर्लाकोटी**
महामन्त्री, रास्वपा

विधानमा केही प्राविधिक समस्या भए पनि चुनावअघि नै बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएकाले राजनीतिक निर्णयका आधारमा उहाँलाई नै दलको नेता बनाएर जाने तयारीमा छौं।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ चैत

प्रतिनिधिसभा सदस्य निर्वाचनबाट राष्ट्रिय दल बनेका ६ वटा राजनीतिक दलहरू संसदीय दलको नेता छान्ने अन्तिम तयारीमा लागेका छन्। आगामी १३ चैतमा नयाँ सरकार गठनको तयारी भइरहँदा त्यसअघि नै दलहरूले संसदीय दलको नेता छान्ने तयारी गरेका हुन्।

संसद्‌को पहिलो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले चुनावअघि नै वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'लाई प्रधानमन्त्रीको उम्मेदवार बनाइसकेकाले उनैलाई दलको नेता बनाउँदै छ। यद्यपि विधानमा प्राविधिक समस्या देखिएको छ। सो दलको विधानमा चुनावअघि नै दलको नेता चयन गर्न सबै पार्टी सदस्यले मतदान गर्नुपर्ने व्यवस्था छ। तर, संसदीय दलको नेता सांसदहरूले मात्रै छान्ने कानुनी व्यवस्था छ।

विधानको प्रावधान संशोधन गर्ने कि 'राजनीतिक निर्णय' गरेर दलको नेता चयन गर्ने भन्ने विषयमा व्यापक छलफल भएको थियो। अहिलेलाई राजनीतिक निर्णयका आधारमा बालेनलाई दलको नेता बनाउने निर्णय गरेर जाने तयारी रहेको रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए। उनले भने, 'हाम्रो विधानमा केही समस्या थियो। तर चुनावअघि नै बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाइसकिएकाले विधानभन्दा पर रहेर राजनीतिक निर्णयका आधारमा उहाँलाई दलको नेता बनाएर जाने तयारीमा छौं।' संविधानको धारा ७६ (१)मा राष्ट्रपतिले बहुमतप्राप्त दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्ति गर्ने व्यवस्था छ। जसअनुसार »» पृष्ठ २ मा

# चट्याङ लागेर १ वर्षमा ४७ जनाको मृत्यु

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सूचना अधिकारी शान्ति महतका अनुसार गत वैशाखदेखि यही चैत ७ गतेसम्म ३९३ जनालाई चट्याङ लागेको थियो। त्यसबाट ४७ जनाको मृत्यु भएको छ भने २९२ जना घाइते भएका छन्।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ७ फागुन

शुक्रबार दिउँसो परेको चट्याङ लागेर गुल्मीमा तीनजना घाइते भए। गुल्मीको मालिका गाउँपालिका वडा नम्बर २ दर्लिङमा चट्याङ लागेर ३२ वर्षकी गोमा खड्का, २८ वर्षकी निरू खड्का र २९ वर्षकी विष्णु खड्का घाइते भएका जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ। गुल्मीका प्रहरी नायव उपरीक्षक गंगाबहादुर सारूका अनुसार »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियामा सेक्युरिटी गार्डको सेवा सुविधाबारे गुनासो बढ्दो

## दूतावासको बेवास्ताप्रति असन्तुष्टि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत

मलेसियामा सुरक्षा गार्डमा काम गर्ने नेपाली कामदारहरूले आफूहरूमाथि निरन्तर अन्याय भइरहेको गुनासो गरिरहेका छन्। मलेसियामा नेपालीहरू सुरक्षा गार्ड, उत्पादन, कृषि, होटल तथा अन्य क्षेत्रमा कार्यरत रहेका छन्। उनीहरू सबैले मलेसिया सरकारले तोकेको न्यूनतम मासिक १७ सय रिंगेट पाइरहेका छन्। स्थानीय मुद्रा र अमेरिकी डलरको मूल्य वृद्धिका कारण तलब बढ्दा उनीहरू थप लाभान्वित भएका छन्। तर सुरक्षा गार्डको काम गर्ने नेपालीहरूले तोकिएको तलब नपाएको र नेपाली दूतावासले तलब नदिने कम्पनीमाथि कारबाही नगरेको भन्दै असन्तुष्टि जनाएका छन्।

क्वालालम्पुरस्थित नेपाली दूतावासले शुक्रबार सञ्चालन गर्ने साप्ताहिक फेसबुक कार्यक्रममा सहभागी अधिकांश नेपालीले सेक्युरिटी कम्पनीहरूले तोकिएको सेवा-सुविधा नदिँदा पनि अनुगमन र कारबाही नगरेर दूतावासले फेसबुक लाइभमा बसेर समयको बर्बादी मात्र गरेको गुनासो गरेका छन्।

उनीहरूले जी सेक्युरिटी, रेड इगल सेक्युरिटी, मास सेक्युरिटी गार्ड जस्ता कम्पनीहरूले तोकिएको तलब नदिएको, बिना तलब अतिरिक्त समय काम गराएको, हप्ताको एक दिन बिदा नदिएको बताएका छन्। केही कम्पनीविरुद्ध बढेको तलब र बिदा नदिएको उजुरी ह्वाट्सएप र इमेलमार्फत दैनिक सयौंको संख्यामा दर्ता हुने गरेका छन्।

नेपाली सुरक्षा गार्डहरूलाई १२ घण्टासम्म काम लगाएर १७ सयदेखि बढीमा दुई हजार रिंगेटसम्म तलब दिएको समाचार मलेसियाली सञ्चारमाध्यमहरूमा पनि आउने गरेका छन्।

नेपाली दूतावासमा कार्यरत काउन्सिलर (श्रम) कृष्णप्रसाद भुसालले मलेसियामा सुरक्षा गार्डको समस्या »» पृष्ठ २ मा

खाडी देशमा नेपाली कामदार

# जोखिम छ, तर फर्किन चाहने छैनन् उल्लेख्य



खाडी मुलुकहरूमा नेपालीको संख्या करिब ६ हजार छ। त्यसमध्ये साउदी अरब र कुवेतमा गरी ५१ जनाले मात्रै नेपाल फर्किन चाहेको भनेर नाम टिपाएका छन्।

■ **लोकबहादुर पौडेल क्षेत्री**
**प्रवक्ता, परराष्ट्र मन्त्रालय**

**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, ७ चैत

खाडी देशमा रहेका ८२ हजार नेपालीले परराष्ट्र मन्त्रालयअन्तर्गतका निकायमा आफ्नो विवरण टिपाएका छन्। जसमध्ये आफूहरू असुरक्षित स्थानमा रहेको जानकारी दिने नेपालीको संख्या करिब ६ हजार रहे पनि नेपाल फर्किन माग गर्ने कामदार भने साउदी अरब र कुवेतमा गरी ५१ जना मात्र छन्।

वैदेशिक रोजगारीमा जानेमध्ये करिब ६ हजारले आफूहरू असुरक्षित स्थानमा रहेको जानकारी गराएका छन्। तर तत्काल घर फर्किन माग गर्नेको संख्या भने खासै ठूलो नभएको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। 'विशेष कामले स्वदेश फर्किनैपर्ने' भन्दै उनीहरू उडान पर्खिरहेको जानकारी परराष्ट्र मन्त्रालयका उच्च अधिकारीले दिए।

करिब दुई साताअघि अमेरिका र इजरायलले इरानमा 'अपरेसन फ्युरी' नामक सैन्य कारबाही सुरु गरिएपछि नेपाल सरकारले गत फागुन १७ गते मध्यपूर्वका इजरायल, इरानलगायत १२ मुलुकमा नयाँ-पुराना सबै श्रम स्वीकृति रोकेको थियो। त्यसपछि सरकारले परराष्ट्र मन्त्रालयको नेतृत्वमा खाडी मुलुकमा गर्नुपर्ने उद्धारलगायत आकस्मिक कार्यहरूको संयोजन गर्न थालेको थियो। यद्यपि अहिलेसम्म 'आफूहरूलाई नेपाल फर्काउनुपर्‍यो' भन्ने माग सोचिएजत्तिको ठूलो संख्यामा नभएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्री बताउँछन्।

अहिले साउदी अरबको जेद्दामा ४० जनाजतिले उडानमार्फत नेपाल फर्किन निवदेन दिएको »» पृष्ठ २ मा

दिल्लीमा रोमानियालगायतका भिएफएसमा काम पर्ने म्यानपावर संचालकहरुका लागि
अत्यन्त काम लाग्ने जानकारी !!!



नेपाली श्रमिकहरुका लागि भारतको राजधानी नयाँ दिल्ली स्थित रोमानिया एम्वेसी तथा भिएफएसमा आवश्यक पर्ने सम्पूर्ण प्रक्रियाको कामका साथै सस्तो र सुलभरुपमा खाना, बस्न र एम्वेसी लैजान, फर्काएर ल्याउन लगायतका सम्पूर्ण काममा सहजीकरणका लागि हामीलाई सम्झनुहोस् । नेपालबाट एकजना वा ग्रुप आउँदा म्यानपावरका प्रतिनिधि आउनु पर्दैन, हामी सबै कामको सहनीकरण गर्नेछौं ।


(नेपालबाट दिल्ली आउँदा बसको ड्राइभरलाई मा माया नोयडा पुल झारी दिन भन्नुहोला, त्यहाँ अटो पाइन्छ, अटोलाई 7011860726 मा कल गर्न लगाउनुहोला ।

FACILITIES:
Individual AC, Clean & Modern Rooms. Comfortable Beds, Wardrober, Minibar,Free Wifi, Toileires, Telephone, Power Backup, 24 Hrs Room Service, Housekeeping,Laundry, Wheel Chair Acccess, Elevator, CCTV.

LOCATION:
01 Km From Sarita Vihar Metro Station & Mohan Cooperative Industrial Estate & Apollo Hospital 02 Km From Jasola.

India Contact No: + 91-9899048670
+ 91-7011860726
Nepal Contact No: +977-9805675208

SHYAM PALACE
BED & BREAKFAST
A UNIT OF J N HOSPITALITY
1-C, Main Market, Mandanpur, Khadar, Sarita Vihar, MCD Dipendary, New Delhi-76,
Email:infojshospitality@gmail.com
Fixed Line: +91-11-40550646



मध्यान्ह
www.madhyanhadaily.com
८ चैत २०८२ आइतबार
22 March 2026 Sunday

## देशभर २४ घण्टामा ३६ विपद्का घटना

# एकको मृत्यु, ३० लाखभन्दा बढीको क्षति



**काठमाडौं /मस-** गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको पछिल्लो २४ घण्टाको विवरणअनुसार मुलुकका विभिन्न ३० जिल्लामा ३६ वटा विपद्का घटनाहरू भएका छन् । चैत ६ गते बिहान १० बजेदेखि ७ गते बिहान १० बजेसम्मको अवधिमा भएका यी घटनाहरूमा परी एक जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् । पछिल्लो २४ घण्टामा सबैभन्दा बढी चट्याङका घटनाहरू भएका छन् । ९ जिल्लामा भएका १० वटा चट्याङका घटनामा परी १० जना घाइते भएका छन् । त्यस्तै ७ जिल्लामा भएका ७ वटा आगलागीका घटनामा २ जना घाइते भएका छन् । लेक लागेर २ जिल्लामा २ वटा घटना भएका छन् । जसमा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । यसका साथै अविरल वर्षा, पहिरो, हावाहुरी र जनावर आक्रमणका घटनाहरू पनि दर्ता भएका छन् ।

**३० लाखभन्दा बढीको आर्थिक क्षति**

विपद्का यी घटनाहरूबाट ठूलो मात्रामा भौतिक तथा आर्थिक क्षति भएको छ । प्राधिकरणकाअनुसार पछिल्लो २४ घण्टामा करिब ३० लाख ८६ हजार रुपैयाँ बराबरको अनुमानित आर्थिक क्षति भएको छ । यसै अवधिमा ३० वटा चौपायाको समेत क्षति भएको विवरण प्राप्त भएको छ । उद्धार र राहतका लागि देशभर १ सय ७७ जना प्रहरी जनशक्ति परिचालन गरिएको थियो ।

**७ हजारभन्दा बढी घटना, ४ सय ७९ को मृत्यु**

२०८२ वैशाख १ गतेदेखि चैत ७ गतेसम्मको समग्र तथ्यांक हेर्दा नेपालमा विपद्का घटनाहरू भयावह देखिएका छन् । यस अवधिमा कुल ७ हजार १ सय ४० वटा विपद्का घटनाहरू भएका छन् । जसमा परी ४ सय ७९ जनाले ज्यान गुमाएका छन् । तथ्यांकअनुसार ३८ जना अझै बेपत्ता छन् भने १ हजार ८ सय ७० जना घाइते भएका छन् ।

**विगत एक वर्षमा भएका प्रमुख घटना र मानवीय क्षति**

विगत एक वर्षमा आगलागीका ३ हजार ४ सय ४३ घटना भएका छन् । जसबाट १०२ जनाको मृत्यु भएको छ । त्यसतै सर्पदंशका ५ सय ९६ घटनाबाट ९८ जनाको मृत्यु भएको छ । त्यस्तै पहिरोका ६०१ घटनाबाट ७४ जनाको मृत्यु भएको छ । जनावर आक्रमणका ४ सय ९५ घटनाबाट ५५ जनाको मृत्यु भएको छ भने चट्याङका ३ सय ९३ घटनाबाट ४७ जनाको मृत्यु भएको छ । विगत एक वर्षमा बाढीका ३ सय २० घटनाबाट ३८ जनाको मृत्यु भएको छ । यस अवधिमा कुल १२ हजार ९ सय ९४ परिवार विपद्का घटनाबाट प्रभावित भएका छन् ।

## संसद्मा...

चल्यो । प्रजातन्त्र आएपछिको आठ वर्ष (२०४८-२०५६ साल)मा ४३ जना महिला सांसद भएका थिए ।

२०५ सदस्यीय तत्कालीन प्रतिनिधिसभामा २७ जना र ६० सदस्यीय राष्ट्रिय सभामा १६ जना महिला सांसद भएका हुन् । २०४८मा भएको निर्वाचनपछि आठजना, २०५१को मध्यावधि चुनावपछि सातजना र २०५६को निर्वाचनपछि १२ महिला प्रतिनिधिसभामा पुगेका थिए ।

विगतको तुलनामा यसपटक प्रतिनिधिसभामा महिला प्रतिनिधित्व बढेको हो । प्रतिशतका हिसाबले यो इतिहासकै धेरै प्रतिनिधित्व हो ।

यसबाहेक गत २१ फागुनको निर्वाचनबाट आएको नयाँ प्रतिनिधिसभामा समावेशी क्लस्टरअन्तर्गत प्रतिनिधिसभामा खस आर्य समूहको प्रतिनिधित्व सबैभन्दा बढी ४९.०९ प्रतिशत रहेको छ । त्यसपछि आदिवासी जनजाति समूहको २१.०९ प्रतिशत, मधेसी समूहको १६.७३ प्रतिशत, दलित समूहको ६.१८ प्रतिशत, थारू समूहको ३.२७ प्रतिशत र मुस्लिम समूहको ३.६४ प्रतिशत प्रतिनिधित्व छ ।

## संसदीय...

रास्वपाका नेता बालेन प्रधानमन्त्री बन्दै छन् । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाले एक सय ८२ सिट जितेको छ । संसदीय दलको नेता चयन भएपछि रास्वपाले बालेनलाई प्रधानमन्त्री नियुक्तिका लागि राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गर्नेछ ।

प्रतिनिधिसभा सदस्यहरूको शपथ भने १२ चैतमा हुँदै छ । अधिकांश दलहरूले त्यसअघि नै नेता छान्ने बताएका छन् । राप्रपाले प्रवक्ता ज्ञानेन्द्र शाहीलाई संसदीय दलको नेता बनाउने निर्णय गरिसकेको छ । त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीले संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र श्रम संस्कृति पार्टीले अध्यक्ष हर्क साम्पाङलाई दलको नेता बनाउने तयारी गरेको छ ।

नेपाली कांग्रेसमा युवालाई दलको नेता बनाउनुपर्ने आवाज उठिरहे पनि पुरानै नेता अर्जुननरसिंह केसीलाई अघि सार्ने सम्भावना बलियो छ । यद्यपि कांग्रेसले कुनै निर्णय लिइसकेको छैन । कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका सांसद नरेन्द्र केरुङले दलको नेता छान्ने विषयमा पार्टीभित्र आधिकारिक छलफल नभएको बताए । सांसदको शपथपछि दलको नेता छान्ने तयारीमा रहेको उनले बताए । नेता केरुङले मध्यान्हसँग भने, 'अर्जुननरसिंह केसीको विषयमा अनौपचारिक कुराहरू भए पनि अहिले कसलाई नेता बनाउने भन्ने निर्णय गरेका छैनौं । नयाँ परिवेशअनुसार हामीले पनि दलको नेतामा दाबी गरेका छौं ।' दलको नेतामा भीष्मराज आङदेम्बेको विषयमा पनि छलफल भएको छ । उनी कांग्रेसको अघिल्लो केन्द्रीय कार्यसमितिमा सहमहामन्त्री थिए । केसी र आङदेम्बे दुवैजना समानुपातिक प्रणालीबाट निर्वाचित सांसद हुन् । कांग्रेसभित्र निर्वाचित सांसदहरूबाट नै दलको नेता बनाएर जान उचित हुने बहस चलेको छ । दोस्रो ठूलो दलको नेता प्रमुख प्रतिपक्षी दलको नेता समेत बन्ने भएकाले महत्वका साथ लिइएको छ । कांग्रेस यो संसद्मा ३८ सिटमा खुम्चिएको छ ।

२५ सिटसहित संसद्मा तेस्रो शक्ति बनेको नेकपा एमालेले भने वरिष्ठताका आधारमा नेता छान्ने जनाएको छ । त्यस्तो हुँदा उपाध्यक्षसमेत रहेका समानुपातिक सांसद रामबहादुर थापा 'बादल'को चर्चा छ । यद्यपि एमालेले निर्णय गरिसकेको छैन । बादलको प्रतिस्पर्धामा पुराना नेता गुरु बराल पनि अघि सरेका छन् ।

संसद्मा नेकपाको १७ सिट कायम रहँदा श्रमसंस्कृति पार्टी ७ र राप्रपा ५ सिटमा संसदमा प्रतिनिधित्व गर्दै छन् । दलको नेता छनोटसँगै संसद्को प्रमुख सचेतक र सचेतक बनाउने विषयमा समेत छलफल चलिरहेको नेताहरूले बताएका छन् । संसद्को पहिलो अधिवेशन चैत १६मा बोलाउने तयारी छ ।

## चट्याङ...

घाइतेमध्ये एकको अवस्था गम्भीर छ ।

त्यस्तै, चट्याङ लागेर उदयपुरका त्रियुगा नगरपालिका-१० बाँसबारीका ५५ वर्षीय शेरबहादुर कार्की घाइते भए । हावाहुरी र वर्षासँगै परेको चट्याङले कार्कीको दुवै हात डढेर गम्भीर घाइते भएका छन् । चट्याङकै कारण खोरमा रहेका केही बाख्रासमेत मरेको छ ।

शुक्रबारदेखि हावाहुरी र वर्षासँगै परेको चट्याङले देशभर १० जना घाइते भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ३० वटा चौपायमा समेत क्षति भएको छ ।

जलवायु परिवर्तनले चट्याङ निम्त्याइरहेको छ । जसका कारण वैशाखदेखि चैत ७ गतेसम्म तीन सय ९३ जनालाई चट्याङ लागेको प्राधिकरणका सूचना अधिकारी शान्ति महतले जानकारी दिएकी छन् । त्यसबाट ४७ जनाको मृत्यु भएको छ भने दुई सय ९२ जना घाइते भएका छन् । उनका अनुसार चार सय ८४ जना परिवार प्रभावित भएका छन् ।

नेपालमा चट्याङको असर बढीजसो चैत, वैशाख र जेठ महिनामा पर्ने गर्छ । यद्यपि, जलवायुको परिवर्तनको कुनै नियम नहुने र जतिबेला पनि आउन सक्ने मौसमविद्हरूको भनाइ छ ।

के हो चट्याङ ?

प्राधिकरणका अनुसार चट्याङ एक प्रकारको 'इलेक्ट्रिक चार्ज' हो । विपरीत दिशाका बादल आपसमा जुध्दा 'करेन्ट' उत्पन्न हुन्छ र त्यसबाट ठुलो आगोको मुस्लो निस्किन्छ । यसैलाई 'बिजुली चम्केको' भनिन्छ । दुई बादल जुधेपछि ठुलो आवाज निस्किन्छ ।

एकपटक बिजुली चम्किँदा १२ करोड, ५० लाख भोल्टसम्मको करेन्ट उत्पन्न हुन्छ । यो तापक्रम र आगोको मुस्लो जमिनबाट १० किलोमिटर माथिसम्म हुन्छ । यो जमिनसम्म आउने हो भने ठुलो जनधनको क्षति हुन्छ । 'क्युमोलो निम्बस' नामको बादलबाट उत्पन्न हुने चट्याङ भने यदाकदा जमिनसम्म आउने गर्छ र यसैले भौतिक र मानवीय क्षति गर्छ ।

महतका अनुसार चट्याङबाट अधिकांशको खुला ठाउँमा मृत्यु हुने गरेको छ । गाईभैंसी चराइरहेका वा खेतबारीमा काम गरिरहेको अवस्थामा मृत्यु भएको पाइएको छ । विशेषगरी पानी जमेको ठाउँ, ठुलो रुख र अग्ला विद्युतीय टावरहरूमा चट्याङ पर्ने गरेको उनी बताउँछिन् ।

बिजुली चम्किएको समयमा घरबाहिर वा खुला ठाउँमा नहिँड्न्, ठुला रुखका फेदमा नबस्न र बिजुली चम्केका बेला विद्युतीय यन्त्रहरू प्रयोग नगर्न प्राधिकरणले सुझाएको छ ।

## मलेसियामा...

समाधानका लागि पहल भइरहे पनि पूर्ण समाधान हुन नसकेको, तर दूतावास चुप लागेर नबसेको बताएका छन् ।

यसअघि न्यूनतम तलब नपाएको गुनासो बढेपछि मलेसिया सरकारले नेपाली सुरक्षा गार्ड कार्यरत ३५ वटा सेक्युरिटी कम्पनीको निरीक्षण गरेको थियो । काउन्सिलर (श्रम) भुसालका अनुसार नेपाली दूतावासले न्यूनतम १७ सय रिंगेट तलबको बैंक ट्रान्सफर स्लिप, सामाजिक सुरक्षा कोष र सेवा-सुविधा सुनिश्चित नभएसम्म मागपत्र प्रमाणीकरण गर्ने गरेको छैन ।

उनले मलेसियामा नेपाली सुरक्षा गार्डहरूले बढेको तलब नपाउने समस्या समाधान गर्न नेपालमा रहेका म्यानपावर कम्पनीहरू पनि जिम्मेवार हुनुपर्ने बताए । मलेसियामा रहेका कम्पनीसँग कामदारको सेवा-सुविधा, होस्टललगायतका विषयमा द्विपक्षीय छलफल नभई कामदार मलेसिया आउन नसक्ने भन्दै उनले नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई जिम्मेवार र जवाफदेही बनाउन आफूले पहल गर्ने पनि बताए ।

मलेसियामा करिब ८ सय इजाजतपत्र प्राप्त सुरक्षा गार्ड कम्पनीहरू छन्, जसमध्ये धेरैले नेपालबाट सुरक्षा सेवाका लागि कामदार आपूर्ति गर्ने गरेका छन् । काउन्सिलर (श्रम) भुसालले पुराना कम्पनीका हकमा उनीहरूसँग कार्यरत नेपालीहरूको अवस्थाबारे जानकारी लिएर मागपत्र प्रमाणीकरण गर्ने गरिएको बताए । उनले नयाँ कम्पनीका हकमा पुरानो रेकर्ड नहुने भएकाले मागपत्र प्रमाणीकरण गर्न केही बढी सोधखोज गर्नुपर्ने भएपनि प्रमाणीकरण नगरी बस्न नसकिने बताए । हाल मलेसियामा ३० हजारभन्दा बढी नेपाली सुरक्षा गार्डको रूपमा कार्यरत रहेको अनुमान छ ।

## जोखिम

जानकारी पनि ती अधिकारीले दिए । 'उनीहरूको हातमा फर्किने टिकट भए पनि उडान सुचारु हुन नसकेका कारण हरेक दिन उडान रद्द गर्दै बसेका रहेछन् । दूतावासले उहाँहरूसँग सम्पर्क गरिरहेको छ, भारतबाट उद्धार उडान हुनासाथ उहाँहरूलाई ल्याइनेछ,' उनले भने ।

त्यसबाहेक कुवेतबाट ११ जना नेपालीले उद्धार उडानका लागि निवेदन दिएकामा परराष्ट्र मन्त्रालयले रियादस्थित दूतावासमा पठाइसकेको जानकारी पनि उनले दिए । नेपाल फर्किनैपर्ने अवस्थामा रहेकालाई साउदी अरेबिया हुँदै फर्काउन सकिने र त्यसका लागि दूतावासले भिसा सहजीकरण गरिदिने उनले बताए ।

अमृत झाको उद्धारका लागि पहल

यसैबीच, इरानी सेनाको नियन्त्रणमा परेका उदयपुरका अमृत झा दुबईको तेल बोक्ने जहाजमा सिप क्याप्टेनका रूपमा कार्यरत रहेको खुलेपछि परराष्ट्र मन्त्रालयले कतारस्थित नेपाली राजदूतावासलाई सक्रिय गराएको छ । 'झाको परिवारबाट निवेदन परेको छ, हामी काम गर्दै छौं' उनले भने । महोत्तरी घर भएका झा उदयपुरको त्रियुगा नगरपालिका-११मा बस्दै आएका थिए ।

दूतावासका साथै इरानका लागि नेपाली अवैतनिक वाणिज्य दूत नरेश श्रेष्ठलाई पनि यसबारे सम्पर्क गरिसकिएको जानकारी पनि ती अधिकारीले दिए ।

झा दुबईमा काम गर्नका लागि दुई वर्षअघि नेपालबाट गएका थिए । झाकी दिदी पूजाले शुक्रबार परराष्ट्र मन्त्रालयमा निवेदन दिँदै अमृत एक सातादेखि इरानी सेनाको नियन्त्रणमा रहेकाले उद्धारका लागि पहल गर्न आग्रह गरेकी थिइन् ।

मध्यपूर्वका सरकारी निकाय तथा दूतावासहरूले मोबाइलको इमर्जेन्सी अलर्टमा सतर्क रहने, घरबाहिर अति आवश्यक हुँदा मात्र निस्किने साथै आधिकारिक स्रोतबाट आएका सूचना र खबरलाई मात्र विश्वास गर्ने, अफवाह नफैलाउने, मिसाइल र ड्रोनहरू आकाशमा विस्फोट भएपछि झरेका टुक्राहरूको छेउछाउ नजाने, नछुनेलगायत चेतावनीमूलक सन्देश पठाइरहेका छन् ।

सतर्कताका लागि त्यहाँको सरकारले अफवाह फैलाउने समाचारबाट टाढा बस्ने, विस्फोट, आगलागी वा युद्धसँग सम्बन्धित कुनै पनि श्रव्यदृश्य सामग्री रेकर्ड नगर्ने र सामाजिक सञ्जालमा पोस्ट नगर्ने, बाहिर निस्किँदा कुनै असामान्य लाग्ने वा शंकास्पद वस्तु देखेमा त्यसलाई नछुने र आपतकालीन नम्बरमा फोन गरेर तत्काल जानकारी दिने आदि जानकारी दिएको र नेपालीहरू जोखिममा परको समाचार अहिले प्राप्त भएको जानकारी पनि परराष्ट्र मन्त्रालय स्रोतले दियो ।

**आइतबारदेखि पुनः श्रम स्वीकृति**

अमेरिका-इरान द्वन्द्वका कारण मध्यपूर्वमा तनाव बढेलगत्तै खाडी राष्ट्रहरूमा श्रम स्वीकृति दिन पूर्णतः रोकेको सरकारले कम जोखिमका सात राष्ट्रका हकमा आइतबारदेखि पुनः श्रम स्वीकृति प्रदान गर्ने भएको छ । मध्यान्हसँग कुरा गर्दै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले चैत ३ गतेको निर्णय कार्यान्वयन गर्न सम्बन्धित कार्यालयलाई परिपत्र गरिएको तर बिदा परेका कारण आइतबारदेखि कार्यान्वयनमा आउने जानकारी दिए ।

युद्धग्रस्त पाँच देशबाहेक अन्य देशबाट छुट्टीमा स्वदेश फर्किएका कामदारले आफूहरू नफर्किंदा पाउनुपर्ने पारिश्रमिकलगायत सुविधाबाट वञ्चित हुनसक्ने भएकाले फर्किनैपर्ने जानकारी श्रम र परराष्ट्र मन्त्रालयमा दिएका थिए ।

'त्यसो भएपछि गत चैत ३ गते कम जोखिम भएका सात खाडी देशका लागि पुनः श्रमस्वीकृति खुलाइएका हो,' प्रवक्ता घिमिरेको भनाइ थियो । युद्धग्रस्त पाँच खाडी राष्ट्रको हकमा आकस्मिक उद्धारका लागि परराष्ट्र मन्त्रालयको नेतृत्वमा इमरजेन्सी एक्सन टिम बनाइएको र त्यसले आवश्यक समन्वय गरिरहेको जानकारी पनि उनले दिए ।

खाडीमा तनाव हुनुअघिसम्म दैनिक एक हजार पाँच सयदेखि तीन हजार-३५ सयसम्म नेपालीले श्रम स्वीकृति लिने गरेका थिए ।

# उज्यालो नेपाल पार्टीद्वारा प्रधानमन्त्री कार्कीलाई धन्यवाद



**काठमाडौं /मस-** उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा मुलुक कठिन अवस्थाबाट सुरक्षित अवतरण सम्भव भएको भन्दै बधाई ज्ञापन गरेको छ ।

पार्टीका अध्यक्ष कुलमान घिसिङ नेतृत्वको प्रतिनिधिमण्डलले शनिबार बालुवाटारमा भेट गरी प्रधानमन्त्री कार्कीको निष्ठा र प्रतिबद्धताका कारण नै शान्तिपूर्ण निर्वाचन सम्भव रहेको भन्दै बधाई ज्ञापन गरेको हो ।

चुनाव हुनमा धेरैतिरबाट आशंका व्यक्त भइरहेका बेला सबैलाई विश्वासमा लिएर देशैभर एकैपटक स्वच्छ र धाँधलीरहित तरिकाले निर्वाचन सम्पन्न गराउनसक्नु चानचुने सफलता नभएको उल्लेख गर्दै प्रतिनिधिमण्डलले सरकारको प्रशंसा गरेको थियो ।'

'चुनौतीपूर्ण परिस्थितिमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्दै सफलतापूर्वक निर्वाचन सम्पन्न गराई मुलुकलाई राजनीतिक स्थायित्व प्रदान गर्ने गहन दायित्व पूरा गर्नुभएकोमा सम्माननीयज्यूलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौँ,' अध्यक्ष घिसिङले भने, 'तपाईंको नेतृत्वमा देशले सेफल्यान्डिङ पाएको छ । यसैमा खुसी छु । यति महत्त्वपूर्ण इतिहासको घडीमा मैले पनि केही समय यस सरकारमा रहेर काम गर्न पाएँ । अब संसद्मा नभए पनि बाहिरै बसेर देशका निम्ति काम गर्छु ।'

प्रधानमन्त्री कार्कीले उज्यालो नेपाल पार्टीले निर्वाचनमा भाग लिएर यस प्रक्रियालाई सघाएको भन्दै सरहाना गरिन् । यस्तै यस सरकारको सफलताका लागि घिसिङले खेलेको प्रभावकारी भूमिकाको पनि प्रशंसा गरिन् ।

त्यस अवसरमा उज्यालो नेपाल पार्टीले प्रधानमन्त्री कार्कीसमक्ष खाडी क्षेत्रमा रहेका नेपालीहरुको सुरक्षा तथा गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन सार्वजनिकीकरणको माग पनि गरेको छ ।

# रेडक्रसद्वारा सदस्यता वितरण अभियान सुरु



**काठमाडौं /मस-** नेपाल रेडक्रस सोसाइटीले एक महिने सदस्यता वितरण अभियान सुरुआत गरेको छ । सोसाइटीले सूचना जारी गर्दै गत फागुन २५ गतेदेखि थालनी भएको सदस्यता वितरण अभियान यही चैत्र २४ गतेसम्म जारी रहने छ ।

जारी सूचनामा भनिएको छ, 'नेपाल रेडक्रसको सदस्यता सदैव खुला रहेको व्यहोरा विदितै छ । यसका अतिरिक्त सोसाइटीको विधान २०२० (अठारौं संशोधन २०८२ सहित) को व्यवस्था र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिको २०८२ फागुन २४ गतेको बैठकले गरेको निणर्य वमोजिम सोसाइटीको सदस्यता प्राप्त गर्न इच्छुक नेपाली नागरिकहरूका लागि (युवाको सहभागिता र ३३ प्रतिशत महिला सुनिश्चित गर्न समेत) यस सोसाइटीद्वारा सदस्यता वितरण अभियान २०८२ फागुन २५ गतेदेखि २०८२ चैत्र २४ गतेसम्म (एकमहिनाको लागि) सञ्चालन भैरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।'

सूचनामा रेडक्रस अभियानका सिद्धान्त, मूल्य मान्यता, र आदर्शलाई आत्मसात् गर्दै विधानमा उल्लेखित प्रक्रिया र तोकिएको शुल्क बुझाई सदस्यता लिन इच्छुक व्यक्तिहरूले आफूलाई पायकपर्ने पालिका तहमा पालिका शाखा, जिल्ला तहमा जिल्ला शाखाका अतिरिक्त प्रदेश तहमा प्रदेश कार्यालय र केन्द्रीय तहमा केन्द्रीय कार्यालयबाट समेत सदस्यता प्राप्त गर्न सकिने उल्लेख छ ।

सूचनामा भनिएको छ,'सम्पर्कका लागि नेपाल रेडक्रस सोसाइटीका पालिका तहका उपशाखाका सभापति वा सचिवहरू, ७७ वटै जिल्ला शाखाका सभापति वा मन्त्रीहरू, सात वटै प्रदेश कार्यालयका अध्यक्ष वा महासचिवहरू र केन्द्रीय कार्यालयमा महामन्त्रीसँग सम्पर्क गर्न सकिनेछ । थप जानकारीका लागि नेपाल रेडक्रस सोसाइटीको वेभसाइट वा निःशुल्क हटलाइन सेवा ११३० मा सम्पर्क गर्न सकिन छ ।'

# दार्चुलामा पहिलोपटक प्रज्ञा-नारी काव्य संगोष्ठी सम्पन्न



**दार्चुला /मस-** नेपाल प्रज्ञा-प्रतिष्ठानको आयोजनामा सुदूरपश्चिम प्रदेशस्तरीय 'प्रज्ञा-नारी काव्य सङ्गोष्ठी, गायन तथा कार्यपत्र प्रस्तुति' कार्यक्रम दार्चुलाको खलङ्गामा पहिलोपटक सम्पन्न भएको छ । कार्यक्रम स्थानीय संस्था मानसखण्ड गुरुकुलको सहआयोजनामा गरिएको हो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यमा दार्चुला बहुमुखी क्याम्पसको सभाकक्षमा आयोजित कार्यक्रमको उद्घाटन गरिएको थियो । सो अवसरमा कुलपति राईले 'सबै भाषा, सबै ज्ञान : सबैको प्रज्ञा-प्रतिष्ठान' भन्ने मूलमन्त्रअनुसार दुर्गम क्षेत्रसम्म प्राज्ञिक गतिविधि विस्तार गर्न आफूहरू प्रतिबद्ध रहेको बताए ।

उनले सुदूरपश्चिमका विविध मातृभाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्धन प्रज्ञा-प्रतिष्ठानको दायित्वभित्र पर्ने उल्लेख गर्दै स्थानीय भाषामा प्रस्तुत कविताले कार्यक्रमलाई अझ समृद्ध बनाएको बताए ।

विशेष अतिथि तथा प्रज्ञा परिषद् सदस्य एवं काव्य विभाग प्रमुख बाबा बस्नेतले कार्यक्रमले सुदूरपश्चिमका प्रतिभालाई उजागर गर्दै प्रोत्साहन मिल्ने विश्वास व्यक्त गरे । उनले नारी सर्जकहरूको योगदानको उचित मूल्यांकन आवश्यक रहेको पनि बताए ।

दार्चुला बहुमुखी क्याम्पसका प्रमुख नरेन्द्रराज अवस्थीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महाकाली नगरपालिकाका प्रमुख नरसिंह चैसुर, प्रमुख जिल्ला अधिकारी अनिल पौडेल, जिल्ला समन्वय समिति प्रमुख महादेव बडु लगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा कञ्चनपुर, अछाम, डोटी, बैतडी, डडेलधुरा, दार्चुला र कैलालीका नारी कविहरूले नेपालीसहित विभिन्न मातृभाषामा कविता वाचन गरेका थिए ।

# पाथीभरामा पाँचौंपटक हिमपात

**ताप्लेजुङ /मस-** ताप्लेजुङस्थित पाथीभरा मन्दिर क्षेत्रमा हिमपात भएको छ । शुक्रबार साँझदेखि भएको वर्षासँगै हिमपात भएको पाथीभरा क्षेत्र विकास समितिका कर्मचारी राजेन्द्र महतले जानकारी दिए ।

उनका अनुसार केही दिनदेखि पाथीभरा क्षेत्रको मौसम धुम्मिएको थियो । आजको हिमपातसँगै यस वर्ष पाथीभरामा पाँच पटक हिउँ परिसकेको छ । हिउँ परेसँगै पाथीभरामा दर्शनार्थीहरूको घुइँचो लागेको छ । पाथीभराको दर्शनसँगै हिउँ खेल्न पाइने भएकाले नजिकका क्षेत्रका मानिसहरू पनि त्यहाँ पुगेका छन् । हिमपातसँगै जिल्लाभर चिसो बढेको छ । जिल्लाका उत्तरी उच्च भेगहरूमा समेत हिउँ परेको स्थानीयहरूले बताएका छन् ।



६१औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा शनिबार काठमाडौंको माइतीघर मण्डलामा आयोजित ध्यानाकर्षण सभा । सभामा जातीय विभेद र छुवाछुत अन्त्यका लागि सशक्त आवाज उठाइएको थियो । **तस्बिरः मध्यान्ह**

# सुरक्षा लापरबाही गर्ने सशस्त्रका गुल्मपतिसहितलाई मुख्यालय झिकाइयो

**काठमाडौं/मस–** कैलालीको खक्रौलास्थित सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक प्रदीप पौडेलसहितका कर्मचारीलाई काठमाडौंस्थित सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय झिकाइएको छ ।

यही चैत ४ गते भारतबाट अवैध रूपले ल्याउँदै गरेको सामान पक्राउको विषयलाई लिएर भएको घटनाबारे छानबिन र युनिट सुरक्षामा लापरबाही गरेको पाइएपछि कारबाहीको लागि उनीहरुलाई प्रधान कार्यालय झिकाइएको हो ।

उक्त घटनामा केही तस्कर समूह अनधिकृत रूपमा सशस्त्र प्रहरी बलको कार्यालयभित्र प्रवेश गरेर गुल्मपतिमाथि हातपातको प्रयास गर्दासमेत के कति कारणले बल प्रयोग नभएको र युनिट सुरक्षामा ध्यान नदिएको हो भन्ने विषयमा प्रधान कार्यालयले गम्भीर रूपमा छानबीन सुरु गरेको सशस्त्रका प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिए ।



तस्कर समूह कार्यालयभित्र छिरेर हुलहुज्जत कसरी सिर्जना भयो भन्ने विषयमा समेत प्रधान कार्यालयको गम्भीर ध्यानाकर्षण भएको उहाँले बताए ।

तस्करी रोक्न विगतदेखि नै उत्कृष्टकार्य गर्दै आएका सशस्त्र प्रहरी नायब उपरीक्षक पौडेलको सक्रियता प्रधान कार्यालयलाई जानकारी भए पनि युनिट सुरक्षामा भने आवश्यक ध्यान नपुऱ्याएको प्रधान कार्यालयको ठहर छ ।

यसअघि उक्त घटनाका विषयमा छानबिन गर्न सशस्त्र प्रहरी बल नेपाल नं ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीले नं ४३ रिजर्भ गण वनवेहडा कैलालीका गणपति सशस्त्र प्रहरी उपरीक्षक अनिल कार्कीको अध्यक्षतामा छानबिन समिति गठन गरिएको छ ।

घटनालगत्तै घटनाको समयमा त्यहाँ उपस्थित रहेका सशस्त्र प्रहरी कर्मचारीलाई मुख्यालय तानिएको छ भने कार्यालयमा सशस्त्र प्रहरी बल नेपाल नं ३४ गण कैलालीबाट टोली बदली गरिएको छ । सशस्त्र प्रहरी बलले तस्करीविरुद्ध अभियान नै सञ्चालन गरिरहेकामा खक्रौलाबाट हुने तस्करीविरुद्ध विगतदेखि नै विशेष निगरानी गरिएको प्रधान कार्यालयले जनाएको छ ।

# 'मुस्लिम समुदायको पहिचान र सशक्तीकरणका लागि थप कार्यक्रम आवश्यक'

**ललितपुर/मस–** उपराष्ट्रपति रामसहायप्रसाद यादवले मुस्लिम आयोगले सात वर्षको अवधिमा पुऱ्याएको योगदान प्रशंसनीय रहेको उल्लेख गर्दै मुस्लिम समुदायको अधिकार, पहिचान र सशक्तीकरणमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन आवश्यक रहेको बताएका छन् ।

मुस्लिम आयोगको सातौं स्थापना दिवसको अवसरमा शनिबार आयोजित समारोहलाई सम्बोधन गर्दै उनले संविधानले सुनिश्चित गरेको समानता, न्याय र समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरूप दिन आयोगले शिक्षा, रोजगारी, महिला सशक्तीकरण, सामाजिक सद्भाव र सांस्कृतिक उत्थानका क्षेत्रमा उल्लेखनीय काम गरेको बताए ।




'मुस्लिम समुदायले नेपालको इतिहास, संस्कृति, व्यापार, शिक्षा, कला र सामाजिक सद्भावमा पुऱ्याएको योगदान अमूल्य छ', उपराष्ट्रपति यादवले भने, 'मुस्लिम आयोगले भविष्यमा अझ उज्ज्वल यात्राको संकल्प लिनुपर्ने आवश्यकता छ । त्यसका लागि मुस्लिम युवालाई गुणस्तरीय शिक्षा, निजामती सेवा, न्याय सेवा, सेना-प्रहरी तथा कूटनीतिक निकायमा जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।' उनले मुस्लिम महिलालाई सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सक्षम बनाउने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए ।

'नेपाल विविधता र सहअस्तित्वको सुन्दर बगैंचा हो, मुस्लिम समुदायले आफ्नो संस्कृति, परम्परा र विश्वासका फूलहरू फुलाउँदै साझा पहिचानलाई अझ सुगन्धित बनाएको छ,' उपराष्ट्रपति यादवले भने ।

उनले मुस्लिम आयोगले समुदायको अधिकार प्रवर्द्धन, क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गरी सुखी, समृद्ध र आत्मनिर्भर समुदाय निर्माणमा अग्रणी भूमिका खेलोस् भन्ने शुभेच्छा व्यक्त गरे । उपराष्ट्रपति यादवलेसम्पूर्ण इस्लाम धर्मावलम्बीहरूमा आज मनाइँदै गरेको ईद-उल-फित्रको पावन अवसरमा हार्दिक शुभकामना दिए । समारोहमा विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

# नयाँ सरकार राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर हुनुपर्ने

**काठमाडौं/मस–** आम जनता पार्टी (आजपा) ले नयाँ सरकार राष्ट्रिय सुरक्षा र अन्तरराष्ट्रिय सम्बन्धलगायत संवेदनशील विषयमा गम्भीर हुनुपर्नेमा जोड दिएको छ ।

पार्टी अध्यक्ष प्रभु साहको अध्यक्षतामा शनिबार भएको केन्द्रीय कमिटी बैठकले ती विषयमा जोड दिएको हो ।

पार्टीका सचिवालय सदस्य सुभाष साहका अनुसार बैठकले जनचाहना अनुरुप देशमा शान्ति, विकास, अमनचैन कायम गर्न नयाँ सरकार ठोस मार्गचित्रका साथ प्रस्तुत हुनुपर्ने सुझाव दिएको छ ।



# वन डढेलो व्यवस्थापन सप्ताहव्यापी कार्यक्रम सम्पन्न

**उदयपुर/मस–** सुक्खायाममा वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणका लागि उदयपुरमा वन डढेलो व्यवस्थापन सप्ताह सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

चैत १ गतेदेखि जिल्लामा 'वन डढेलो नियन्त्रणमा प्रभावकारिताः तीनै तहका सरकार र समुदायको सहभागिता' भन्ने नाराका साथ वन डढेलो व्यवस्थापनसम्बन्धी सप्ताहव्यापी कार्यक्रम सुरु गरिएको थियो ।

जिल्ला सदरमुकाममा सचेतनामूलक नारासहित प्रभातफेरीसमेत गरिएको छ । डिभिजन वन कार्यालयको आयोजनामा भएको प्रभातफेरीका




सहभागीहरुको हातमा रहेको प्लेकार्डमा वनजंगलमा आगो नलगाऔं, जंगल र जैविक विविधताको संरक्षण गरौं, डढेलो लागेमा प्रहरीलाई खबर गरौंजस्ता विभिन्न सचेतनामूलक नारा थिए ।

डिभिजन वन कार्यालयका बन अधिकृत तथा सूचना अधिकारी जागेश्वर शाहले वन क्षेत्रमा लाग्ने डढेलोका कारण जैविक विविधता एव वन सम्पदा नष्ट हुने भएकाले यसको नियन्त्रणमा सबैको हातेमालो जरुरी रहेकाले सचेतनामूलक कार्यक्रम गरिएको बताए । प्रभातफेरीमा सुरक्षा निकायका प्रमुख तथा सुरक्षाकर्मी, कार्यालयका प्रमुख, वनसँग सम्बन्धित संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारलगायतको सहभागिता रहेको थियो ।

# 'विभेदजन्य गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याइनेछ'

**काठमाडौं/मस–** नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जाति तथा रंगभेद उन्मूलनका लागि नेपाल प्रहरी सक्रिय रूपमा लागेको उल्लेख गर्दै विभेदजन्य गतिविधि गर्नेलाई कानुनी दायरामा ल्याइने बताएका छन् ।

राष्ट्रिय दलित आयोग तथा विभिन्न दलित अधिकारकर्मी संघ-संस्थाको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा महानिरीक्षक कार्कीले समाजमा विद्यमान विभेद अन्त्य गर्न कानुनी कार्यान्वयनसँगै जनचेतना अभिवृद्धि आवश्यक रहेकोमा जोड दिए । उनले जातीय विभेदजस्तो सामाजिक विकृतिको अन्त्यबिना समतामूलक समाजको परिकल्पना अधुरो रहने उल्लेख गर्दै प्रहरी संगठनले यस्ता घटनामा शून्य सहनशीलताको नीति अपनाएको स्पष्ट पारे ।

'जातीय विभेद रोक्न प्रहरी सक्रिय



रूपमा लागि परेको छ । यसलाई अन्त्य गर्न हामी निरन्तर प्रयासरत छौं, तर यसमा राज्यका अन्य निकाय, नागरिक समाज र सर्वसाधारणको पनि उत्तिकै भूमिका आवश्यक छ,' उनले भने ।

महानिरीक्षक कार्कीले नेपालको संविधानले सुनिश्चित गरेको समानता, स्वतन्त्रता र सामाजिक न्यायको अधिकार व्यवहारमा लागू गराउन प्रहरी प्रतिबद्ध रहेको बताए । उनले सबै नागरिकले बिना कुनै भेदभाव समान हक-अधिकार उपभोग गर्न पाउनुपर्नेमा जोड दिँदै विभेदजन्य गतिविधि गर्ने जोसुकैलाई पनि कानुनको दायरामा ल्याइने विश्वास व्यक्त गरे. ।

उनले सुर्खेतकी इनिशा विकको हत्या प्रकरणको अनुसन्धान तथ्य र प्रमाणका आधारमा अगाडि बढिरहेको बताए । उनले पीडित परिवारसँग निरन्तर सम्पर्क भइरहेको जानकारी दिँदै दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याइने र न्याय सुनिश्चित गरिने प्रतिबद्धता व्यक्त गरे । 'इनिशा विक हत्या प्रकरणमा अनुसन्धानका लागि पर्याप्त रूपमा प्रहरी परिचालन गरिएको छ । छिट्टै सत्यतथ्य सार्वजनिक हुनेछ,' उनले ।

कार्यक्रममा सहभागी वक्ताहरूले जातीय विभेद अझै समाजमा विद्यमान रहेको भन्दै यसको अन्त्यका लागि कडा कानुनी कार्यान्वयन, शिक्षा तथा जनचेतना कार्यक्रमलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याएका थिए ।

उनीहरूले विशेषगरी दलित समुदायमाथि हुने हिंसा र विभेद्का घटनामा द्रुत न्याय सुनिश्चित गर्न राज्य संयन्त्रलाई थप जिम्मेवार बन्न आग्रह गरेका थिए ।

अन्तर्राष्ट्रिय रूपमा प्रत्येक वर्ष मार्च २१ मा मनाइने यो दिवसले रंगभेद तथा जातीय विभेदविरुद्ध विश्वव्यापी ऐक्यबद्धता जनाउने अवसर प्रदान गर्दछ । नेपालमा पनि यस दिवसलाई विभिन्न कार्यक्रममार्फत मनाइँदै आएको छ, जसले समानता, सहिष्णुता र मानव अधिकारको संरक्षणमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ ।

# जिल्ला अस्पताल कालीकोटमा विशेषज्ञ चिकित्सा सेवा पुनः सञ्चालनमा



कालीकोट/मस-जिल्ला अस्पताल कालीकोटमा विशेषज्ञ चिकित्सा सेवा पुनः सञ्चालनमा आएको छ ।

विगत लामो समयदेखि जिल्ला अस्पताल कालीकोटबाट कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले दिँदै आएको विशेषज्ञ चिकित्सा सेवा पुनः सञ्चालनमा आएको हो ।

विगतका दिनमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले हरेक महिनाको पहिलो हप्ता र अन्तिम हप्ताको शुक्रबार जिल्ला अस्पताल कालीकोटबाट विशेषज्ञ चिकित्सा सेवा दिँदै आएको थियो । विगतमा लामो समयदेखि अवरुद्ध रहेको विशेषज्ञ चिकित्सा सेवा चैत ६ गते शुक्रबारदेखि सेवा पुनः सञ्चालन भएसँगै स्थानीय नागरिकले जिल्लामै विशेषज्ञ उपचार सेवा पाउने भएको जिल्ला अस्पताल कालीकोटका सूचना अधिकारी कटक महतले बताए ।


सेवा विस्तारसँगै स्थानीय बासिन्दालाई बाहिरी जिल्लामा धाउनुपर्ने बाध्यता घट्ने र गुणस्तरीय स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध हुने अपेक्षा गरिएको सूचना अधिकारी महतले जानकारी दिए ।

# भारी हिमपातका कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध

**रुकुम पूर्व/मस–** रुकुम पूर्वमा भारी हिमपातको कारण मध्यपहाडी लोकमार्ग अवरुद्ध भएको छ । शुक्रबाररातिदेखि निरन्तर भइरहेको हिमपातका कारण रुकुम पूर्वको भुमे गाउँपालिका १ मा पर्ने लुकुम-पातिहाल्ना खण्ड अवरुद्ध भएको हो ।

लोकमार्ग अवरुद्ध हुँदा दर्जनौं सवारीसाधनसहित यात्रुहरू अलपत्र परेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वले जानकारी दिएको छ । अहिले सो खण्डमा काठमाडौंबाट छुटेका रात्रिबसहरू फसेको जिल्ला प्रहरी कार्यालय रुकुम पूर्वका प्रहरी नायव उपरीक्षक केशवराज ज्ञवालीले जानकारी दिए । उनका अनुसार लुकुम-पातिहाल्ना क्षेत्रमा ७ वटा बस, एउटा जिप र ५ वटा मोटरसाइकल फसेका छन् भने २५० जनाभन्दा बढी यात्रुहरू अलपत्र परेका छन् ।

यस क्षेत्रमा अहिले फोन सेवा



पनि अवरुद्ध हुँदा थप समस्या भएको छ ।

**बिपी राजमार्गमा अवरुद्ध**

अविरल वर्षाका कारण काभ्रेपलाञ्चोक रोशी क्षेत्रमा खोलाको पानीको बहाव बढेपछि शनिबार बिहानदेखि बिपी राजमार्ग अवरुद्ध भएको छ ।

उक्त क्षेत्रमा गतसाल बाढीपहिरोले राजमार्ग क्षतिग्रस्त बनाएपछि खोलामै अस्थायी सडक बनाएर सञ्चालनमा ल्याइएको थियो । शनिबार रोशी गाउँपालिकाको चारसयबेँसी, गिम्दी, बाउन्ने र कालढुंगामा सडक अवरुद्ध भएको जिल्ला ट्राफिक कार्यालय प्रमुख शुनिल धाँजूले जानकारी दिए ।

यसैबीच वर्षाका कारण बिपी राजमार्गको रोशी क्षेत्रको विभिन्न स्थानमा सडक अवरुद्ध भएपछि ट्राफिक प्रहरीले शनिबार बिहानैदेखि सवारी साधन 'होल्ड' गरेको छ । उक्त राजमार्गअन्तर्गत प्रवेशमार्गस्थल धुलिखेलको काभ्रेभञ्ज्याङ र भकुण्डे तथा पूर्वतर्फबाट राजधानी प्रवेश गर्ने नेपालथोक र मङ्गलटारमा सवारीसाधन होल्ड गराइएको धाँजूले बताए ।

# बैंकिङ कसुरका फरार प्रतिवादी पक्राउ

**सिरहा/मस–** लेनदेन तथा बैंकिङ कसुर मुद्दामा अदालतबाट दोषी ठहर भइ फरार रहेका दुई जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार लेनदेन बिगो मुद्दामा सिरहा जिल्ला अदालतले २०७९ साल माघ १७ गते दुई वर्ष कैद सजाय सुनाएका ४५ वर्षीय रामजनम यादव पक्राउ परेका हुन् ।

सिरहाको कल्याणपुर नगरपालिका-१० निवासी यादवलाई छिमेकी विष्णुपुर गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी नजिक खाजा खान लागेको अवस्थामा शुक्रबार पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

यस्तै, इलाका प्रहरी कार्यालय धनगढीबाट खटिएको




टोलीले बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी करिब ४० वर्षीय प्रमोद साहलाई पनि पक्राउ गरेको छ । जिल्ला अदालतको २०७९ साल पुस २९ गतेको फैसला अनुसार खोजीमा रहेका धनगढीमाई नगरपालिका-९, गोठचोक निवासी साहलाई आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
८ चैत २०८२ आइतबार
22 March 2026 Sunday

सम्पादकीय

## महिलालाई भूमिका देऊ

यसपटकको निर्वाचनको एउटा महत्वपूर्ण सकारात्मक पक्ष- महिला प्रतिनिधित्वको प्रतिशत बढ्नु हो । २७५ सदस्यीय प्रतिनिधिसभामा ९६ जना महिला सांसद निर्वाचित भएका छन्, जुन करिब ३५ हो । यो नेपालको संसदीय इतिहासमै सबैभन्दा उच्च प्रतिनिधित्व हो । अघिल्लो निर्वाचन २०७९मा ९२ जना अर्थात् ३३.४५ प्रतिशत र २०७४मा ९० जना अर्थात् ३२.७२ प्रतिशत महिला सांसद थिए । संविधानले सुनिश्चित गरेको न्यूनतम ३३ प्रतिशतको सीमा नाघ्नु आफैंमा सकारात्मक उपलब्धि हो । नेपालको पहिलो संसदीय निर्वाचन २०15 सालमा संसद्मा महिलाको उपस्थिति नाम मात्र थियो । पञ्चायती व्यवस्था र त्यसपछिका प्रारम्भिक प्रजातान्त्रिक अभ्यासमा पनि महिलाहरूको भूमिका सीमित रहे । २०६४ र २०७० सालबाट समावेशिताको अभ्यास सुरू भएपछि महिलाहरूको उपस्थिति संसद्मा बढ्न थालेको हो । २०८२ सम्म आइपुग्दा करिब ३५ प्रतिशत प्रतिनिधित्व हुनुले नयाँ अवसरको ढोका खोलेको छ, तर त्यो ढोकाबाट कति महिला प्रभावशाली रूपमा प्रवेश गर्छन् भन्ने विषय उनीहरूले पाउने वा लिन सक्ने भूमिकाबाट देखिनेछ ।

संसद्मा महिला प्रतिनिधित्व बढेसँगै अर्को प्रश्न अगाडि आएको छ, महिलाहरू केवल उपस्थितिका लागि मात्र हुन्, कि उनीहरू निर्णय प्रक्रियाका केन्द्रीय पात्र बन्नेछन् । यो प्रश्न यसकारण उठेको छ कि महिलाको ठूलो उपस्थिति समानुपातिक निर्वाचन प्रणालीबाट भएको छ । पार्टीहरूका नेतृत्वमा महिला छैनन् । नयाँ सरकारको नेतृत्वमा महिलाको चर्चा छैन । महत्वपूर्ण मन्त्रालयको नेतृत्वमा पनि महिलाको कम चर्चा छ ।

अब नेतृत्व तहका रहेका पात्र र स्वयम महिला सांसदहरूले बोध गर्नुपर्छ- संसद् केवल उपस्थिति जनाउने थलो होइन । यो नीति निर्माण, सरकारलाई जवाफदेही बनाउने र जनताको आवाज प्रतिनिधित्व गर्ने सर्वोच्च मञ्च हो । यहाँ संसदीय समितिहरू, विधेयक निर्माण, बजेट बहस, र निगरानीजस्ता गम्भीर जिम्मेवारी हुन्छन् । महिलाहरूलाई यस्ता संसदीय फाँटहरूमा अर्थपूर्ण जिम्मेवारी दिइनु अपरिहार्य छ । कार्यकारी भूमिकामा पनि महिलाको पहुँच विस्तार गर्नुपर्ने हुन्छ । प्रधानमन्त्री, मन्त्री, संसदीय समितिका सभापति, संसदीय दलका नेता, प्रमुख सचेतक र सचेतकजस्ता प्रमुख निर्णयकर्ता पदहरूमा महिलाको उपस्थिति बढ्न आवश्यक छ । संख्या बढे पनि शक्ति केन्द्रमा उनीहरूको पहुँच सीमित रह्यो भने समावेशिताको उद्देश्य अधुरै रहन्छ । यसलाई ख्याल गरेर दलहरू र निर्णयकर्ताहरू स्पष्ट हुनुपर्छ- महिलालाई प्रतिनिधित्वको रूपमा मात्रै होइन, नेतृत्वको रूपमा स्थापित गर्न आवश्यक छ । राजनीतिक दलहरूले उम्मेदवारी दिनेदेखि जिम्मेवारी बाँडफाँटसम्म लैंगिक समानताको मर्म आत्मसात् गर्नुपर्छ । संसद्भित्र महिलाहरूलाई सक्रिय, प्रभावशाली र निर्णयमुखी भूमिकामा अघि बढाउने वातावरण बनाउनुपर्छ । यही नै समावेशी संविधानको मर्म हो । किनभने, लोकतन्त्रको सुदृढीकरण संख्याले मात्र होइन, सहभागिताको गुणस्तरले मापन हुन्छ । महिलाको उपस्थिति बढेसँगै भूमिका पनि बढ्नुपर्छ । यसका लागि जिम्मेवारी दिनेले दिएनन् भने महिला स्वयं पनि अग्रसर भएर लिन सक्नुपर्छ ।

# लाइकको लतले बढाएको चिन्ता

*सामाजिक सञ्जालको स्क्रिनभन्दा बाहिर पनि एउटा सुन्दर र वास्तविक संसार छ भन्ने कुरा हामीले बिर्सनुहुँदैन ।*

अग्रलेख



● अमृत ढकाल



एक्काइसौं शताब्दीको प्रवेशसँगै मानव सभ्यताले एउटा यस्तो फड्को मार्‍यो, जसको कल्पना हाम्रा अघिल्ला पुस्ताले पनि गरेका थिएनन् । एक्काइसौं शताब्दीको यो प्रविधिको क्रान्तिले हामीलाई संसारको जुनसुकै कुनासँग त जोड्यो, तर बिस्तारै हामीलाई आफ्नै विवेक र यथार्थबाट भने टाढा धकेल्दै लगेको छ । आज हामी भौतिक संसारमा भन्दा बढी डिजिटल संसारमा बाँच्न थालेका छौं । बिहान आँखा खुल्नेबित्तिकै सिरानीमुनिको फोन छाम्नु र राति सुत्ने बेलासम्म त्यो स्क्रिनमा औंलाहरू चलाइरहनु आममानिसको अनिवार्य दिनचर्या बनेको छ । फेसबुक, टिकटक, इन्स्टाग्राम, एक्स र युट्युबजस्ता माध्यमहरूले मानिसलाई अभिव्यक्तिको स्वतन्त्रता दिएका छन्, तर यही स्वतन्त्रताको आडमा मौलाएको दुरुपयोग र भ्रामक सूचनाको विषालु लहरले आज हाम्रो सामाजिक मानसिकतालाई अशक्त बनाउँदै लगेको छ । यहाँ सामाजिक सञ्जालको गलत प्रयोगले कसरी हाम्रो चेतना, सम्बन्ध र सामाजिक सद्भावलाई खलबल्याउँदै छ भन्ने गम्भीर पक्षलाई केलाउने प्रयास गरिएको छ ।

सत्य जहिले पनि संयमित र शान्त हुन्छ, तर झुट सधैं चटपटे र सनसनीपूर्ण भएर आउँछ । भ्रामक सूचना/समाचार आजको समयको सबैभन्दा ठुलो अदृश्य सत्रु बनेको छ । कुनै एउटा घटना हुन्छ, तर सामाजिक सञ्जालमा पुग्दानपुग्दै त्यसलाई यसरी तोडमरोड गरिन्छ कि वास्तविक तथ्य कतै हराउँछ र मानिसहरू भ्रमको पछि दौडिन थाल्छन् । सामाजिक सञ्जालमा सूचना जति छिटो फैलिन्छ, त्योभन्दा १० गुणा बढी गतिमा हल्ला फैलिन्छ । एउटा सामान्य भिडियो क्लिपलाई काटेर गलत क्याप्सन राख्दै भाइरल बनाइन्छ । यसले गर्दा सर्वसाधारणमा अन्योल उत्पन्न हुन्छ । मानिसहरू जे देख्छन्, त्यसैलाई अन्तिम सत्य मान्ने हतारोमा हुन्छन् । तथ्य जाँच गर्ने धैर्य कसैसँग छैन । जब समाजले झुटलाई सत्य र सत्यलाई झुट देख्न थाल्छ, तब त्यो समाजको बौद्धिक पतन सुरु हुन्छ । भ्रामक सूचनाले केवल व्यक्तिको धारणा मात्र बदल्दैन, यसले त सिंगो राष्ट्रको नीति, राजनीति र सामाजिक संरचनामा समेत घातक प्रहार गर्छ ।

सामाजिक सञ्जालको दुरुपयोगको अर्को कुरूप पाटो भनेको सस्तो लोकप्रियताको भोक हो । आज मानिसहरू लाइक, कमेन्ट र सेयरका लागि जस्तोसुकै नराम्रो वा तुच्छ कार्य गर्न पनि तयार छन् । भाइरल हुनका लागि गरिने उच्छृंखल हरकतहरूले सामाजिक मर्यादाको सीमा नाघेका छन् । मानिसको आत्मसम्मान अब उसको व्यक्तित्वमा होइन, उसको पोस्टमा आउने प्रतिक्रियामा आधारित हुन थालेको छ । यो मानसिक परनिर्भरताको कारण मानिसहरू आफ्नो मौलिकता गुमाउँदै अरूलाई देखाउनका लागि मात्र बाँच्न थालेका छन् ।

सामाजिक सञ्जालका कम्पनीहरूले प्रयोग गर्ने अल्गोरिदमले (निश्चित प्रणालीले) हामीलाई एउटा अदृश्य जेलमा राखिरहेको छ । हामीलाई जे मन पर्छ, त्यही कुरा मात्र हाम्रो स्क्रिनमा पटक-पटक आउँछ । यदि हामीलाई कुनै एउटा राजनीतिक दल वा विचारधारा मन पर्छ भने सामाजिक सञ्जालले हामीलाई त्यही विचारसँग मिल्दोजुल्दो सामग्री मात्र देखाउँछ । यसले गर्दा हामीलाई लाग्छ कि सारा संसारले हामीले जस्तै सोचिरहेको छ । यसले समाजमा असहिष्णुता र मतभेद बढाएको छ । मानिसहरू फरक मत सुन्नै चाहँदैनन् । कसैले आफ्नो विचारभन्दा फरक कुरा लेख्यो भने तत्कालै गालीगलौज र व्यक्तिगत आक्रमणमा उत्रिन्छन् । यसले गर्दा संवादको ढोका बन्द भएको छ र समाज 'हामी' र 'उनीहरू' भन्ने दुई कट्टर खण्डमा विभाजित भएको छ । यो मानसिक विभाजन कुनै पनि लोकतान्त्रिक र सभ्य समाजका लागि निकै ठुलो खतरा हो ।

सामाजिक सञ्जाल आज कसैलाई सिध्याउनका लागि सबैभन्दा सजिलो हतियार बनेको छ । साइबर मोबिङ अर्थात् भिडले कसैलाई निशाना बनाउने कार्यले धेरैको जीवन बर्बाद गरिदिएको छ । कुनै पनि कुराको सत्यता नबुझी कसैको चरित्र हत्या गर्ने, अश्लील टिप्पणी गर्ने र उसलाई मानसिक रूपमा विक्षिप्त बनाउने कार्यहरू भइरहेका छन् । फोटो सम्पादन गरेर चरित्र हत्या गर्ने, निजी जीवनका कुराहरू सार्वजनिक गरिदिने धम्की दिनेजस्ता साइबर अपराधका घटनाहरूले कैयौंलाई आत्महत्याको स्थितिसम्म पुर्‍याएका छन् । स्मार्टफोन बोकेको हरेक व्यक्ति आफूलाई न्यायाधीश सम्झिन्छ र अरूको जीवनको फैसला फेसबुकको कमेन्ट बक्सबाट गर्न थाल्छ । यो प्रवृत्तिले समाजमा डर र त्रासको वातावरण सिर्जना गरेको छ ।

सँगै, सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक स्वास्थ्यमा पारेको असर डरलाग्दो छ । युवापुस्तामा हराउने डर अर्थात् केही कुरा छुट्ने डर वा अवसर गुम्ने डर, व्याप्त छ । अरूको तडकभडकपूर्ण तस्बिर हेरेर आफ्नो वास्तविक जीवनसँग तुलना गर्दा मानिसमा हीनताबोध बढ्दै गएको छ । सामाजिक सञ्जालमा देखिने फिल्टर गरिएका अनुहार र बनावटी खुसीका कारण मानिसहरू आफ्नो प्राकृतिक रूप र अवस्थाप्रति असन्तुष्ट हुन थालेका छन् । निद्रा नलाग्ने, एकोहोरिने, छिटो रिसाउने र डिप्रेसनमा जाने समस्याहरू स्मार्टफोनको लतसँगै जोडिएर आएका छन् । बाहिरबाट हेर्दा हजारौं फ्रेन्ड्स र फलोअर्स भए पनि भित्रभित्रै मानिस एक्लो हुँदै गइरहेको छ । भौतिक भेटघाट र गहिरो आत्मीयताको ठाउँ इमोजीहरूले लिएका छन्, जसले गर्दा मानिसको भावनात्मक विकास ठप्प भएको छ ।

नेपालजस्तो विविधतायुक्त देशमा सामाजिक सञ्जालको गलत प्रयोगले साम्प्रदायिक सद्भाव खलबल्याउने प्रयासहरू बारम्बार भइरहेका छन् । सानातिना स्थानीय विवादलाई साम्प्रदायिक रंग दिएर भ्रामक भिडियोहरू पोस्ट गरिन्छ, जसले गर्दा शान्त रहेको समाजमा एकाएक अशान्ति मच्चिन्छ । कुनै एउटा समुदायको विरुद्धमा घृणा फैलाउने सामग्रीले क्षणभरमै दंगा भड्काउन सक्छन् । बाह्य शक्तिहरूले पनि सामाजिक सञ्जालको प्रयोग गरेर कुनै देशको आन्तरिक मामिलामा खेल्ने र जनतालाई उत्तेजित बनाउने कार्य गरिरहेका हुन्छन् । यो केवल सामाजिक समस्या मात्र होइन, राष्ट्रिय सुरक्षाको गम्भीर विषय पनि हो । एउटा सानो अफवाहले देशको अर्थतन्त्र, शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय छविमा अपरिवर्तनीय क्षति पुर्‍याउन सक्छ ।

जबसम्म मूलधारका मिडिया (रेडियो, टिभी, पत्रिका) बलिया थिए, सूचनाको आधिकारिकता हुन्थ्यो । तर, आज सामाजिक सञ्जालको प्रभावले पत्रकारिताको परिभाषा नै बदलिएको छ । 'ब्रेकिङ न्युज' दिने होडबाजीमा कतिपय स्थापित सञ्चार माध्यमले पनि सामाजिक सञ्जालमा आएका अपुष्ट दाबीलाई समाचार बनाउने गरेका छन् । यसले पत्रकारिताको मूल्य र मान्यतालाई कमजोर बनाएको छ । युट्युब च्यानलका नाममा गरिने लाइक आतंकले पत्रकारितालाई मनोरञ्जन र ब्ल्याकमेलिङको साधन बनाएको छ । तथ्यभन्दा बढी मसला खोज्ने प्रवृत्तिका कारण समाजले सही सूचना पाउन छाडेको छ । जसले गर्दा आमजनतामा मिडियाप्रतिको विश्वास घट्दै गएको छ र उनीहरू झन् बढी भ्रमको जालोमा फस्दै गएका छन् ।

भविष्यका कर्णधार मानिने बालबालिकाहरू आज डिजिटल एडिक्ट बनिरहेका छन् । बाहिरी खेलकुद, किताब पढ्ने बानी र परिवारसँगको कुराकानीभन्दा उनीहरू मोबाइलको स्क्रिनमा बढी रमाउँछन् । सामाजिक सञ्जालमा उपलब्ध अश्लील सामग्री, हिंसात्मक भिडियो र अनलाइन गेमहरूले उनीहरूको कलिलो मस्तिष्कमा नकारात्मक असर पारिरहेको छ ।

यो विकराल समस्याबाट मुक्त हुनका लागि अब केवल कुरा गरेर मात्र पुग्दैन, बरु राज्य, समाज र व्यक्ति स्वयंको बहुपक्षीय र एकीकृत प्रयासको खाँचो छ । प्रविधि आफैंमा तटस्थ भएकाले यसको दोष प्रविधिमाथि थोपर्नुभन्दा पनि यसलाई चलाउने मानवीय नियत र विवेकलाई सुधार्नु नै वास्तविक समाधान हो । यसका लागि राज्यले विद्यालय स्तरदेखि नै डिजिटल साक्षरता र मिडिया साक्षरतालाई पाठ्यक्रममा अनिवार्य समावेश गरी नागरिकमा सूचनाको सत्यता छुट्याउने क्षमता विकास गर्नुपर्छ । साथै, अभिव्यक्ति स्वतन्त्रताको मर्यादा कायम राख्दै अरूको मानमर्दन गर्ने र घृणा/सत्रुता फैलाउनेहरूलाई कडा कानुनी दायरामा ल्याउन कानुनी कडाइ र प्रभावकारी नियमन आवश्यक छ । सबैभन्दा महत्वपूर्ण कुरा, प्रत्येक प्रयोगकर्ताले आत्म-नियमनको पालना गर्दै कुनै पनि सामग्री सेयर गर्नुअघि 'के यो सत्य हो ?', 'यसले कसैलाई फाइदा पुर्‍याउँछ ?' र, 'के यो अहिले आवश्यक छ ?' भन्ने तीनवटा प्रश्न आफ्नो विवेकलाई सोधेर मात्र अघि बढ्ने संस्कारको विकास गर्नुपर्छ ।

सामाजिक सञ्जाल एउटा दुईधारे तरबार हो । यसले संसारलाई जोड्न पनि सक्छ र टुक्रा-टुक्रा पार्न पनि सक्छ । आजको खलबलिएको सामाजिक मानसिकता प्रविधिको उपहार होइन, बरु हाम्रो अविवेकपूर्ण प्रयोगको परिणाम हो । हामीले प्रविधिलाई दास बनाउनुपर्नेमा आफैं प्रविधिको दास बनिरहेका छौं । सूचनाको बाढीमा विवेकको बाँध बाँध्न सकिएन भने हामी सबै यसमा बग्ने निश्चित छ । सामाजिक सञ्जालको स्क्रिनभन्दा बाहिर पनि एउटा सुन्दर र वास्तविक संसार छ भन्ने कुरा हामीले बिर्सनुहुँदैन । मानवीय सम्बन्ध, सामाजिक सद्भाव र सत्यप्रतिको निष्ठालाई डिजिटल लोकप्रियतासँग साट्न सकिँदैन । त्यसैले, आउनुहोस्, सामाजिक सञ्जाललाई घृणा र भ्रमको थलो होइन, प्रेम, ज्ञान र सकारात्मक परिवर्तनको माध्यम बनाऔं । हाम्रो एउटा सचेत कदमले समाजलाई सही दिशा दिन सक्छ भने एउटा गलत कदमले कसैको हँसिलो संसार उजाड्न सक्छ ।


**(ढकाल, सुर्खेत मोडेल कलेजका उपप्राध्यापक हुन् ।)**

## इतिहासमा आज

२२ मार्च २०१७ मा लन्डनमा संसद भवननजिकै भएको आतंकवादी आक्रमणमा चारजनाको मृत्यु र २० जना घाइते भएका थिए । आतंकवादी समूहले संसद भवनलक्षित आक्रमण गरेको भए पनि सफल हुन सकेको थिएन ।



२२ मार्च १९९७ मा स्विट्जरल्यान्डको लोजान सहरमा भएको विश्व फिगर स्केटिङमा तारा लिपिन्स्की च्याम्पियन बनिन् । १४ वर्षको उमेरमा च्याम्पियन बनेकी तारा विश्वकै कम उमेरमा च्याम्पियन बन्ने कान्छी महिला हुन् ।



२२ मार्च २०२० मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड-१९ को फैलावट रोक्नका लागि देशको सबैभन्दा लामो (२१ दिनको) स्व-लागू गरिएको कर्फ्युको घोषणा गरेका थिए ।



२२ मार्च २०२४ मा रुसको क्रास्नोगोर्स्कस्थित क्रोकस सिटी हलमा भएको बम विस्फोट र सामूहिक गोलीबारीमा कम्तीमा १४५ जनाको मृत्यु र ५५१ जना घाइते भएका थिए । जुन घटनाको जिम्मेवारी कसैले लिएको छैन ।



# मध्यपूर्व संकटले पार्ने प्रभाव

विचार



● मुकेश भण्डारी

*मध्यपूर्वमा जारी युद्धबाट खाडी देशहरूमा रहेका तथा युरोपमा काम गरिरहेका श्रमिकलाई प्रत्यक्ष रूपमा असर गरिरहेको छ । जसबाट नेपाल सबैभन्दा बढी प्रभावित छ । एकातिर लाखौंको रोजगारी के हुने भन्ने छ भने अर्कोतिर त्यसले अर्थतन्त्रलाई कति प्रभावित बनाउने प्रश्न उब्जिएको छ ।*

मध्यपूर्वमा जारी युद्ध केवल क्षेत्रीय संकट मात्र होइन । यसको प्रभाव युद्ध क्षेत्रभन्दा धेरै टाढासम्म फैलिएको छ । यसले खाडी देशहरूमा रहेका तथा युरोपमा काम गरिरहेका श्रमिकलाई प्रत्यक्ष रूपमा असर गरिरहेको छ । जसबाट नेपाल सबैभन्दा बढी प्रभावित छ । एकातिर लाखौंको रोजगारी के हुने भन्ने छ भने अर्कोतिर त्यसले अर्थतन्त्रलाई कति प्रभावित बनाउने प्रश्न उब्जिएको छ ।

पहिलो कुरा, खाडी देशहरू नेपाली श्रमिकको मुख्य गन्तव्य रहँदै आएका छन् । युएई, कतार, साउदी अरेबिया र कुवेतजस्ता देशमा निर्माण, आतिथ्य सेवा र सुरक्षा क्षेत्रमा ठूलो संख्यामा नेपाली कार्यरत छन् । युद्धका कारण धेरै रोजगारदाता स्वयं समस्यामा परेका छन् । यस्तो अवस्थामा कम्पनीले नयाँ परियोजना सुस्त बनाउँछन् वा पूर्ण रूपमा रोक्छन् । विशेषगरी रियल इस्टेट र पूर्वाधार विकास पहिलो प्रभावित क्षेत्र हुन्छन् । यसले रोजगारीका अवसर घटाउँछ र धेरै अवस्थामा कामदारलाई हटाउने स्थिति सिर्जना हुन्छ । सँगै, कामका सम्झौता नवीकरण नहुन सक्छन्, तलब ढिला हुन सक्छ र कम्पनीहरूले सञ्चालन नै बन्द गर्न सक्छन् । ऋण लिएर विदेश गएका श्रमिकहरू आयविहीन भएपछि आर्थिक दबाबमा नेपाल फर्कन बाध्य हुन्छन् ।

नेपालबाट हुने भर्ती प्रक्रियामा पनि ठूलो असर पर्छ । माग घट्छ, भिसा प्रक्रिया ढिला हुन्छ, र स्वीकृत भएका धेरै रोजगार अवसरहरू स्थगित वा रद्द हुन्छन् । यसले विदेश जान तयारी गरिरहेका युवाहरूलाई बेरोजगारीको चपेटामा पार्छ ।

यसको प्रभाव अहिले युरोपतर्फ पनि फैलिन थालेको छ । युरोपका धेरै अर्थतन्त्रहरू ऊर्जा बजार र लगानीमार्फत मध्यपूर्वसँग जोडिएका छन् । तेलको मूल्य वृद्धि र आपूर्ति शृंखलामा समस्या आउँदा उद्योगहरूको लागत बढ्छ । त्यसैले निर्माण, उत्पादन र कृषिजस्ता क्षेत्रमा विदेशी कामदार राख्ने निर्णयमा सावधानी अपनाइन्छ । रोमानिया, क्रोएसियालगायत युरोपका विभिन्न देशमा कार्यरत नेपालीहरूले तुरुन्तै जागिर गुमाउने अवस्था नआए पनि नयाँ भर्तीको गति घट्न सक्छ । कम्पनीहरूले विस्तार योजना ढिला गर्दा नयाँ कामदारको माग कम हुन्छ ।

अर्को महत्वपूर्ण पक्ष रेमिटेन्स हो । नेपाली अर्थतन्त्र विदेशबाट आउने रकममा धेरै निर्भर छ । यदि ठूलो संख्यामा कामदारले रोजगारी गुमाए वा आय घट्यो भने रेमिटेन्स घट्नेछ । यसले घरपरिवारको खर्च, शिक्षा, स्वास्थ्य र समग्र अर्थतन्त्रमा प्रत्यक्ष असर पार्छ । विदेशमा रहेका श्रमिकको मानसिक अवस्था पनि ध्यान दिनुपर्ने विषय हो । युद्ध र तनावको अवस्थामा विदेशी भूमिमा बस्दा डर र अनिश्चितता बढ्छ । उनीहरू आफ्ना काम मात्र होइन, सुरक्षा, यात्रा प्रतिबन्ध र आकस्मिक अवस्थामा फस्ने सम्भावनाबारे चिन्तित हुन्छन् ।

नीतिगत रूपमा नेपालले अब रणनीतिक कदम चाल्न आवश्यक छ । एउटै क्षेत्र, विशेषगरी खाडी देशहरूमा अत्यधिक निर्भरता जोखिमपूर्ण छ । स्थिर युरोपेली र एसियाली देशहरूसँग श्रम सम्झौता विस्तार गर्न जरुरी छ । साथै, देशभित्रै रोजगारी सिर्जना गर्न दीर्घकालीन समाधान हो ।

मध्यपूर्वको युद्ध नेपालका लागि टाढाको विषय होइन । यसले प्रत्यक्ष रूपमा नेपाली श्रमिकहरूको जीविकोपार्जन, भर्ती प्रणाली र राष्ट्रिय अर्थतन्त्रलाई असर गरिरहेको छ । यो अवस्थाले श्रमिक सुरक्षाका लागि बलियो नीति, प्रभावकारी संयन्त्र र दीर्घकालीन योजना आवश्यक भएको स्पष्ट देखाएको छ ।

**(भण्डारी, वैदेशिक रोजगार व्यवसायमा क्रियाशील छन् ।)**

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

प्रधानमन्त्री कुलपति हुने व्यवस्था, नियुक्तिमा भागबन्डा तथा विद्यार्थी/प्राध्यापक युनियनका अवाञ्छित गतिविधि उच्च शिक्षाका समस्या हुन् । तर भ्रममा नपरौं, यी कुराको सुधारले मात्र हाम्रो उच्च शिक्षाको गुणस्तरमा अपेक्षित सुधार नआउन सक्छ । मेडियोक्रिटीलगायत समस्याका बहुआयामिक पाटा छन् ।

हिंसारहित सबैको सहमतिमा वैधानिक सरकारले गरेको २०७९ निर्वाचनको संसद् त समय नपुगी भंग भयो भने भदौ २४को हिंसाको बलमा षड्यन्त्रपूर्वक अवैधानिक सरकारले गरेको निर्वाचनको संसद् पूरै पाँच वर्ष रहला ? अर्को कुरा भावी सरकारले सिंहदरबार, सर्वोच्च अदालत जलाउनेलाई कारबाही गर्ला ?



**राधाकृष्ण कटुवाल**



**डम्बर खतिवडा**

नेपालमा आउने डिजेल, पेट्रोल, ग्यास इरान, साउदी अरब, कतार, युएईबाटै सिधै खरिद हुने हैन, भारतमार्फत आउने हो । भारतले मूल्य नबढाएको, आपूर्ति थपेको बेला मूल्य वृद्धि र कृत्रिम अभाव किन ? नेपाल-भारत करेन्सी पेग छ हैन ? अनि केको मूल्य वृद्धि ? निहुँ पायो कि जनता लुटिहाल्न पर्छ ? थाहा चाहियो ।

अब कांग्रेस अघि लैजाने हो भने गगन थापा उमेरकाले नै हो । शेरबहादुर देउवा वा उनको उमेरको पुस्ताले होइन । त्यसैले खिचातानी र स्वार्थ छोडेर कांग्रेस सपार्न सोच; विकल्पहरू छैनन् अगाडि । हारेका छन्, भएको सम्पत्ति सकेका छन्, तिनलाई गाली गर्नु उचित लागेन ।



**विनोद न्यौपाने**

# निर्वाचनमा बालअधिकार उल्लंघन
# अध्ययनले देखायो ३५० घटना

**काठमाडौं/मस–** प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा बाल अधिकारसम्बन्धी निर्वाचन आचारसंहिता कार्यान्वयन अध्ययन प्रतिवेदनले निर्वाचनअघि र निर्वाचनपछि ३५० उल्लंघनका घटना दर्ता भएको देखाएको छ ।

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान नेपाल (सिजप) ले आफ्ना सदस्य संस्थाबाट गरिएको स्थलगत अवलोकन, प्रादेशिक सञ्जालबाट प्राप्त प्रतिवेदन, सञ्चारमाध्यमको निगरानी तथा 'डिजिटल प्लेटफर्म'को अनुगमनका आधारमा निर्वाचनअघि बालबालिकासम्बन्धी २८६ घटना दर्ता भएका जनाएको छ । निर्वाचनपछि १९ घटना भएका प्रतिवेदनमा उल्लेख छ ।

निर्वाचन प्रचारका क्रममा रौतहटको ईशनाथ नगरपालिका-४ मठियाटोलमा गत माघ २२ गते एकजना ४ वर्षीय बालिकाको गाडी ठक्करबाट मृत्यु भएको थियो। धनुषा जिल्ला मिथिला नगरपालिका-९ मा २०८२ फागुन १९ गते पुलमाथि राखिएको शंकास्पद वस्तु विस्फोट हुँदा १५ वर्षीया बालिका आशा भुजेल र आठ वर्षीय बालक सुशील माझी घाइते भएका थिए । पाँचथरको फिदिम र कास्कीको अन्नपूर्ण गाउँपालिकाको विद्यालयमा निर्वाचनअघि सुरक्षा निकायले हतियार सहित प्रवेश गरेको घटना पनि दर्ता भएको थियो ।

अध्ययनले निर्वाचनपूर्व राजनीतिक प्रचारप्रसारमा बालबालिकालाई झण्डा र चिह्न बोकेर जुलुस तथा आमसभामा सहभागी गराउने, राजनीतिक नाराहरू लगाउने, प्रचार सामग्री वितरण गर्ने, राजनीतिक पोशाक लगाउने, गीत तथा नृत्य कार्यक्रममा भाग लिन लगाउने जस्ता गतिविधिहरू गरिएको थियो । कतिपय घटनामा बालबालिकामार्फत प्रचार भिडियो र सामाजिक सञ्जाल सामग्री




निर्माण गरी मत माग्ने वा विशेष दलको समर्थन गर्ने सन्देश सम्प्रेषण गरिएको प्रतिवेदनमा उल्लेख छ ।

विद्यालय पोशाकमै विद्यार्थीहरूलाई जुलुसमा सहभागी गराउने, राजनीतिक नेताहरूले विद्यालय भ्रमण गर्ने, विद्यालय नजिक चुनावी कार्यक्रम सञ्चालन हुने र बस प्रयोग हुने जस्ता गतिविधिले विद्यालयलाई बालमैत्री र राजनीतिक रूपमा तटस्थ स्थान बनाउन चुनौती पु-याएको अध्ययनले देखाएको छ । अभियानका अध्यक्ष तिलोत्तम पौडेलका अनुसार यस्ता क्रियाकलापले निर्वाचन आचारसंहिताको प्रत्यक्ष उल्लंघन गरेका छन् ।

अभिभावकले बालबालिकामार्फत मत माग्ने भिडियो बनाउने, सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिहरूले बालबालिकालाई राजनीतिक सामग्रीमा प्रयोग गर्ने, बालबालिकाले राजनीतिक सन्देश दोहोर्‍याउने वा प्रतिस्पर्धी दलको आलोचना गर्ने र भिडियो सामग्रीबाट आर्थिक लाभ उठाउने जस्ता गतिविधिले बालबालिकालाई जोखिममा राखेको प्रतिवेदनले औंल्याएको छ ।

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले चुनावमा मतदान अधिकृत रूपमा भूमिका निभाउँदै गर्दा बालबालिकाको दुरुपयोगको अवस्था कम गर्न सकिएको बताउँदै सरोकारवाला निकायको सहकार्य र खबरदारीका कारण यो सम्भव भएको बताए । राष्ट्रिय बाल अधिकार परिषद्का कार्यक्रम संयोजक श्रीराम अधिकारीले बालबालिकाको दुरुपयोग रोक्न कानुनी रुपमा नै कडा व्यवस्था ल्याउनुपर्ने बताए । राष्ट्रिय माव अधिकार आयोगका खिमानन्द बस्यालले विगतको निर्वाचनको तुलनामा यसपालीको निर्वाचनको समयमा बालबालिकाको दुरुपयोग केही कम भए पनि सुधारका धेरै काम बाँकी रहेको बताए ।

निर्वाचन आयोगले केही उल्लंघनको सम्बन्धमा कारबाही गरेको थियो। श्रम संस्कृति पार्टीलाई दफा १३ को उपदफा (१) को खण्ड (घ) उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरेको छ । जाजरकोट क्षेत्र नं १ का उम्मेदवार शक्तिबहादुर बस्नेतलाई पनि समान प्रावधान उल्लंघन गरेकोमा रु २५ हजार जरिवाना गरिएको आयोगले जनाएको छ।

निर्वाचनअघिको तुलनामा मतदानको दिन बालबालिकासम्बन्धी प्रत्यक्ष उल्लंघनको घटना न्यून देखिएका थिए । मतदान केन्द्रको रूपमा विद्यालय भवनको व्यापक प्रयोगसम्बन्धी संरचनात्मक चुनौती देखा परेको छ । देशभरका १० हजार ९ सय ६७ मतदानस्थलमध्ये करिब ९ हजार ४ सय ५० विद्यालयमा स्थापना गरिएको थियो ।

अध्ययनले राजनीतिक दल, राज्य निकाय, समुदाय र परिवार सबैको जिम्मेवार भूमिका आवश्यक रहेको सुझाएको छ । राजनीतिक दललाई चुनावी अभियान, जुलुस, प्रचार सामग्री तथा डिजिटल सामग्रीमा बालबालिकालाई प्रयोग नगर्न, बालअधिकारको सम्मान गर्दै बालमैत्री चुनावी अभ्यास अपनाउन र विद्यालय तथा बालबालिका केन्द्रित स्थानमा चुनावी गतिविधि नगर्न सिफारिस गरिएको छ ।

प्रतिवेदनले निर्वाचन आयोगलाई बालबालिकाको प्रयोग निषेध गर्ने आचारसंहिताको प्रभावकारी अनुगमन, मतदाता शिक्षा कार्यक्रममा बालअधिकार सचेतना समावेश, सरकार र नीति निर्मातालाई कानुनी प्रावधान सुदृढ गर्ने, डिजिटल माध्यममा बालबालिकाको राजनीतिक प्रयोग रोक्न निर्देशिका बनाउन सुझाव दिएको छ ।

अभियानले सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायलाई आफ्नो भूमिका निर्वाह गर्न आग्रह गरेको छ । अध्ययन सन् ५० जिल्लाका १ सय ७ सदस्य संस्था, सातवटै प्रदेशका प्रदेश समिति, सामुदायिक रेडियो प्रसारक संघ, बालबालिका क्षेत्रका विभिन्न सञ्जाल र नागरिक समाजको सहकार्यमा गरिएको थियो । अध्ययनका निम्ति अन्तरराष्ट्रिय गैरसरकारी संस्था सेभ द चिल्ड्रेनबाट प्राविधिक सहयोग प्राप्त भएको थियो ।

### कालिञ्चोक–शैलुङमा हिमपात
# चरिकोटमा झरी दोलखामा चिसो बढ्यो



**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ७ चैत

शुक्रबारदेखि सुरु भएको वर्षासँगै दोलखाको उच्च भेगमा व्यापक हिमपात भएपछि जिल्लाभर चिसो तीव्र रूपमा बढेको छ । हिमाली क्षेत्रमा बाक्लो हुस्सुसहित परेको हिमपातले एकातिर जनजीवन प्रभावित पारेको छ भने अर्कोतिर कृषि तथा पर्यटन क्षेत्रलाई भने सकारात्मक उर्जा दिएको छ ।

प्रमुख पर्यटकीय गन्तव्य कालिञ्चोक र शैलुङ क्षेत्रमा यस वर्षको चैतमा मनमोहक हिमपात भएपछि सेताम्य डाँडा र मन लोभ्याउने दृश्य हेर्न आन्तरिक पर्यटकको भीड बढेको छ ।

यता सदरमुकाम चरिकोट तथा आसपासका क्षेत्रमा भने लगातार वर्षा जारी छ। वर्षाले सडक र दैनिक कामकाज प्रभावित पारे पनि कृषि क्षेत्रले भने महत्वपूर्ण चिस्यान पाएको छ ।

कालिञ्चोकका होटल व्यवसायी चन्द्र कुमार लामा भन्छन्,'हिमपातले यतिखेर पर्यटन व्यवसाय निकै सक्रिय छ। पर्यटकको आगमन बढेको छ, होटल बुकिङ पनि राम्रो छ । चिसोले अलिकति असर गर्छ तर व्यापारका हिसाबले यो राम्रो समय हो ।'

शैलुङ क्षेत्रका स्थानीय सागर तामाङ अनुसार, 'शैलुङमा परेको यो वर्षाको हिमपात निकै आकर्षक छ । बिहानैदेखि यहाँ दृश्य हेर्न आएका पर्यटकले गाउँमा पनि रौनक भरिदिएका छन् ।' उता कृषि क्षेत्रमा पनि वर्षा-हिमपातले राहत मिलेको किसानहरूको भनाइ छ। माथिल्लो भेगमा आलु रोपेका किसान बारीमा पुगेको चिस्यानले बाली सप्रिने अपेक्षा राखेका छन् ।

बिगु गाउँपालिकाका किसान भन्छन्,'हामीले रोपेको आलुका लागि अहिलेको चिस्यान निकै उपयोगी हुन्छ । लामो समय भनेअनुसारको पानी नपरेकोले चिन्ता थियो, अहिले मौसमले राहत दिएको छ ।' मकै छर्न तयारीमा रहेका किसानहरू पनि वर्षा-हिमपातले जमिन तयार बनेको भन्दै खुसी छन् ।

भिमेश्वर नगरपालिका - ७ का रमेश भुजेल भन्छन्,'मकै छर्ने वेला यो पानी एकदमै उपयुक्त हो । यसपालि राम्रो उत्पादन हुने अपेक्षा बढेको छ ।' चिसो र वर्षाले सामान्य जनजीवन केही प्रभावित पारेपनि दोलखाका हिमाली भेगदेखि सदरमुकामसम्म पर्यटन, कृषि र व्यवसायमा आएको सकारात्मक प्रभावले स्थानीयमा आशा, उत्साह र खुसी थपिएको छ ।

### रौतहटमा ३५ सवारीसाधनको यान्त्रिक परीक्षण
# दुर्घटना न्यूनीकरणका लागि ट्राफिकको सक्रियता

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ७ चैत

सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले राजमार्गमा चल्ने सवारी साधनहरूको यान्त्रिक परीक्षण सुरु गरेको छ । शनिबार पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चन्द्रपुर-४ मा ट्राफिक प्रहरी र यातायात व्यवस्था कार्यालय गौरको संयुक्त आयोजनामा ३५ वटा सार्वजनिक सवारी साधनको प्राविधिक जाँच गरिएको हो ।




यातायात व्यवस्था कार्यालय गौरका मेकानिकल सुपरभाइजर अनिष साह तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजेन्द्र थापा मगरको नेतृत्वमा खटिएको ७ जनाको प्राविधिक टोलीले उक्त परीक्षण गरेको थियो । परीक्षणका क्रममा विशेषगरी लामो दूरीमा चल्ने बस, ट्रक, टाटा सुमो, ईभी (विद्युतीय) गाडीहरूको अवस्था जाँच गरिएको थियो । जिल्ला ट्राफिक प्रहरी प्रमुख राजेन्द्र थापा मगरका अनुसार परीक्षणका क्रममा प्राविधिक रूपमा समस्या देखिएका सवारी साधनका चालकहरूलाई तत्काल मर्मत तथा सर्भिसिंग गर्न निर्देशन दिए ।

मगरले भने, सवारी साधनको नियमित यान्त्रिक परीक्षण गराएर मात्र गुडाउँदा सम्भावित दुर्घटनाबाट बच्न सकिन्छ । यसले मानवीय र भौतिक क्षति कम गर्न ठूलो भूमिका खेल्छ । लामो गुड्ने सवारी साधनमा सानो प्राविधिक त्रुटी हुँदा पनिबीच बाटोमै गाडी बिग्रिने र यात्रुहरूले अनावश्यक दुःख झेल्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै यो अभियान चलाइएको हो । यान्त्रिक परीक्षणले गर्दा अकालमा हुने सडक दुर्घटना न्यूनीकरण हुने, बिच बाटोमा सवारी बिग्रिएर यात्रुले पाउने हैरानी हट्ने, सवारीको आयु बढ्ने र सुरक्षित यात्रा सुनिश्चित हुने, ट्राफिक प्रहरीले आगामी दिनमा पनि यस्ता परीक्षण कार्यलाई निरन्तरता दिने बताए । चालक तथा यातायात व्यवसायीहरूलाई आफ्नो सवारीको अवस्था दुरुस्त राखेर मात्र सडकमा निकाल्न प्रहरीले विशेष आग्रह समेत गरेको छ ।

# कपिलवस्तुको महाराजगञ्ज साम्प्रदायिक तनाव, ५ जना घाइते

**धर्मेन्द्र कुमार कुर्मी/मध्यान्ह**
कपिलवस्तु, ७ चैत



कपिलवस्तुको महाराजगञ्ज नगरपालिका(बर्गदवा क्षेत्रमा दुई समुदायबीच उत्पन्न तनावपछि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ । शनिबार दुई समुदायका युवाबीच सुरु भएको विवाद चर्किंदै गएपछि सम्भावित झडप रोक्न प्रशासनले दिउँसो २ बजेदेखि लागू हुने गरी अर्को सूचना जारी नभएसम्मका लागि निषेधाज्ञा लागू गरेको हो ।

निषेधाज्ञाअनुसार कुनै पनि प्रकारका भेला, सभा, जुलुस तथा समूहगत गतिविधिमा पूर्ण प्रतिबन्ध लगाइएको छ । घटनाका क्रममा भएको झडपमा केही व्यक्ति घाइते भएका छन् । घाइतेहरूलाई उपचारका लागि शिवराज अस्पताल बहादुरगञ्जमा ल्याइएको छ। गोली लागेर घाइते भएका तीन जनालाई थप उपचारका लागि भैरहवा मेडिकल कलेज रिफर गरिएको छ भने अन्य दुई जनाको शिवराज अस्पतालमै उपचार भइरहेको अस्पताल प्रशासनले जनाएको छ।

गोली लागेर घाइते हुनेहरूमा सानो बुटहनिया निवासी २२ वर्षीय अरुण भनिने जितेन्द्र यादव, भोरहवा निवासी २० वर्षीय मोनु पासी र जिगना निवासी २५ वर्षीय प्रदीप पासी रहेका छन् । उनीहरूलाई थप उपचारका लागि भैरहवा मेडिकल कलेज पठाइएको छ । त्यस्तै सानो बुटहनिया निवासी २२ वर्षीय महेन्द्र रैदास हाल शिवराज अस्पतालको आकस्मिक कक्षमा उपचाररत छन् । अजिगरा निवासी ७५ वर्षीय काशी रैदास ढुङ्गामुढा प्रहारबाट घाइते भइ सोही अस्पतालमा उपचार गराइरहेका छन् ।

स्थिति थप बिग्रिन नदिन क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको प्रशासनले जनाएको छ । साथै, स्थानीय प्रशासनले सबैलाई संयमित रहन, अफवाह नफैलाउन र शान्ति कायम राख्न सहयोग गर्न आग्रह गरेको छ । यता आन्दोलनकारीहरु गैडहवा , बहादुरगंज , बुटअनिया, डुमरा लगायतका चौकमा टायर बालेर चकाजाम गरेका छन ।

## भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु

**काठमाडौं/मस–** काठमाडौंको भोटेबहालमा बसको ठक्करबाट दुई भारतीय नागरिकको मृत्यु भएको छ । काठमाडौं महानगरपालिका-१२ भोटेबहालमा कालिमाटीबाट त्रिपुरेश्वरतर्फ आउँदै गरेको ओमजनता यातायातको ठक्करबाट भारतीय नागरिक ४५ वर्षीय पदम उपाध्याय र ३७ वर्षीय सतिशकुमार कुसवाहको मृत्यु भएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिए । बागमती प्रदेश-३-०१-००५ ख ९२९८ नम्बरको बसको ठक्करबाट गम्भीर घाइते भएका उनीहरूको उपचारका क्रममा शुक्रबार राति राष्ट्रिय ट्रमा सेन्टरमा मृत्यु भएको प्रहरी उपरीक्षक सुवेदीले जानकारी दिए। बसचालक दोलखा घर भई कपन बस्ने ३५ वर्षीय मानबहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। घटनाबारे प्रहरी वृत्त कालिमाटीले अनुसन्धान गरिरहेको प्रवक्ता सुवेदीले बताए ।

## बैतडीमा ट्रक दुर्घटना चालकसहित चारजना घाइते

बैतडी/मस-जयपृथ्वी राजमार्गमा ट्रक दुर्घटना हुँदा चालकसहित चारजना घाइते भएका छन् । नेपालगञ्जबाट सिमेन्ट बोकेर बझाङतर्फ जाँदै गरेको सुपप्र ०१००१ ख २८०९ नम्बरको ट्रक गएराति २ बजे राजमार्गअन्तर्गत बैतडीको पाटन नगरपालिका-८ झ्याउलेक मोडमा दुर्घटनामा परेको हो । दुर्घटनामा परेर घाइते हुनेमा चालक पाटन नगरपालिका-८ का ३६ वर्षीय कृष्ण विष्ट, सोही ठाउँका २५ वर्षीया निर्मला विष्ट, निर्मलाका सात वर्षीय छोरा अभिषेक र चार वर्षीय छोरा प्रयान्स रहेका बैतडीका प्रहरी प्रवक्ता सुरज सिंहले जानकारी दिए । घाइते चारै जनालाई उपचारको लागि डडेल्धुरा अस्पताल लगिएको छ। दुर्घटनाग्रस्त ट्रक सडकबाट २५ मिटर तल खसेको र दुर्घटनाको कारण खुल्न सकेको छैन । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

# मौसममा सुधार, वर्षा गराउने प्रणाली बाहिरिँदै

**काठमाडौं/मस–** शुक्रबारदेखि सक्रिय भएको वर्षा गराउने प्रणाली कमजोर हुँदा मौसममा सुधार भएको छ । जल तथा मौसम विज्ञान विभागका मौसमविद् विभूति पोखरेलले मौसममा राम्रो सुधार भइसकेको जानकारी दिँदै शुक्रबार र शनिबार बिहानको जस्तो वर्षा भने नहुने बताए ।

पोखरेलका अनुसार प्रिमनसुनका गतिविधि भने कायम नै रहने र आइतबार पनि छिटफुट बदली भने रहने छ । अहिले नेपालको पूर्व क्षेत्रमा र अन्य क्षेत्रका कतैकतै हल्का वर्षा भइरहेको र यो पनि विस्तारै हट्ने उनको भनाइ छ । अहिलेको वर्षा गराउने प्रणाली बाहिरिए पनि घाम लाग्ने, फेरि बदली हुने क्रम भने प्रिमनसुनमा रहिरहने तर ठूलो र अलि लामो वर्षा भने तत्काल नहुने उनले बताए ।



**हिउँमा फसेका २५० यात्रुको उद्धार**

भारी हिमपातका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गमा फसेका यात्रुको उद्धार गरिएको छ । बागलुङ र पूर्वी रुकुमको सिमाना पातिहाल्नेमा शुक्रबार रातिदेखि परेको भारी हिमपातका कारण फसेका दुई सय २० भन्दा बढी यात्रुको उद्धार गरिएको हो ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसहित डोजरको प्रयोग गरी सडक खुलाएर यात्रुको उद्धार गरिएको पूर्वी रुकुमका सहायक प्रमुख जिल्ला अधिकारी समिर गौतमले जानकारी दिए । उनका अनुसार सातवटा बस, १० वटा मोटरसाइकल र एउटा जिपमा रहेका यात्रु समस्यमा परेका थिए ।

सहायक प्रमुख जिल्ला अधिकारी गौतमले दुई जिल्लाको सिमाना क्षेत्रको करिब तीन किलोमिटर सडकको हिउँ पन्छाएर सडक खुलाएको र अब मौसम हेरेर मात्रै यात्रा गर्न आग्रह गरेका छन् । उनले भने, 'शुक्रबार साँझदेखि नै हिमपात भएको थियो, बिहानसम्म हिउँले सडक अवरुद्ध भयो ।

हामीले त्यो खबर पाउना साथ भूमे गाउँपालिकाको मेसिन लिएर सुरक्षाकर्मीसहित खटेका थियौं, सडक खुलाएर यात्रु पनि गन्तव्यतिर लागेका छन् ।'

इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक तिलक मानन्धरले बागलुङ खण्डमा हिउँ परे पनि यातायात नरोकिएको बताए । काठमाडौं, पोखरालगायतका स्थानबाट रुकुम, रोल्पा, जाजरकोट, डोल्पा, सल्यान, दैलेखलगायत स्थानमा पुग्ने सवारीसाधनलाई सडकको अवस्था बुझेर मात्रै यात्रा गर्न भनिएको उनले जानकारी दिए ।

# एम्बुलेन्स दुरुपयोग गरी चुरोट र लागुपदार्थ तस्करी



**रसुवा/मस–** एम्बुलेन्समा चुरोट र लागुपदार्थ तस्करी गर्ने चारजना पक्राउ परेका छन् । आमा छोदिङ्मो गाउँपालिका-३ गतलाङ स्वास्थ्य चौकीको स्वामित्वमा रहेको एम्बुलेन्स दुरुपयोग गरी चिनियाँ चुरोट काठमाडौंतर्फ लैजान लागेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।

बिरामी बोकेको बहाना बनाई काठमाडौंतर्फ लैजाँदै गरेको अवस्थामा नेपाल प्रहरीको बेत्रावती सुरक्षा चौकीले एम्बुलेन्स जाँच गर्दा तीन हजार ९ सय ४० बट्टा चिनियाँ चुरोट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ ।

प्रहरी निरीक्षक एवं सूचना अधिकारी रमेश रायका अनुसार पक्राउ पर्नेमा एम्बुलेन्स चालक गतलाङका ४३ वर्षीय दावानुर्पु तामाङ, सोही गाउँपालिका-५ का चिलिमेका २७ वर्षीय मार्कुस तामाङ, ३२ वर्षीय सुशील तामाङ र ३६ वर्षीया सुनिता तामाङ छन् ।

यसैगरी, रसुवागढी नाकाबाट लागुपदार्थसहित एक जना पक्राउ परेका छन् । गोसाइँकुण्ड गाउँपालिका-५ का २४ वर्षीय विकास तामाङलाई केरूङबाट नेपालतर्फ आउँदै गर्दा सीमा क्षेत्रमा तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले पक्राउ गरेको हो ।

उनको साथबाट २ ग्राम कालो चरेश तथा पहेँलो सात र सुन्तला रंगका पाँच क्याप्सुल लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीले दुवै घटनामा संलग्न व्यक्तिहरूमाथि आवश्यक अनुसन्धान अगाडि बढाएको जनाएको छ ।

# निफले सक्यो प्रि–इभेन्टका कार्यक्रम




**काठमाडौं/मस-** नवौं संस्करणको नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) अन्तर्गत आयोजना गरिएका प्रि-इभेन्ट कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका छन् । शुक्रबार साँझ गैरीधारास्थित कान्तिपुर थिएटरमा 'सर्ट फिल्म साँझ' कार्यक्रम सम्पन्न भएसँगै प्रि-इभेन्टको सम्पूर्ण शृंखला टुंगिएको हो ।

उक्त कार्यक्रममा विभिन्न अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल तथा निफका अघिल्ला संस्करणमा सम्मानित छोटा चलचित्रहरू 'जुलुङ्गो', 'बेयर ट्री इन द मिस्ट', 'जुन्को' र 'चिसो घर' प्रदर्शन गरिएका थिए । प्रदर्शनपछि दर्शक र फिल्म निर्माण टोलीबीच अन्तरक्रिया समेत गरिएको थियो, जहाँ दर्शकका जिज्ञासामा सम्बन्धित सर्जकहरूले प्रत्यक्ष प्रतिक्रिया दिएका थिए ।

यसअघि निफले 'हर सिनेमा हर भ्वाइस' र 'द न्यू वेभ इन नेपाली सिनेमा' शीर्षकमा अन्तरक्रियात्मक कार्यक्रम आयोजना गर्दै चलचित्र क्षेत्रका विविध विषयमा छलफल गरिसकेको थियो । यी कार्यक्रमहरूले महोत्सवपूर्वको माहोल तयार पार्न महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ ।

निफका अध्यक्ष केपी पाठकका अनुसार महोत्सवको तयारी अहिले अन्तिम चरणमा पुगेको छ । प्रि-इभेन्ट सफलतापूर्वक सम्पन्न भएको उल्लेख गर्दै उनले आगामी १९ गतेदेखि सुरु हुने महोत्सवका लागि आवश्यक अधिकांश तयारी पूरा भइसकेको जानकारी दिए । महोत्सवअन्तर्गत हुने सम्पूर्ण कार्यक्रमहरूको विस्तृत विवरण केही दिनभित्र आधिकारिक सामाजिक सञ्जाल र वेबसाइटमार्फत सार्वजनिक गरिने पनि उनले बताए ।

यस वर्षको संस्करणमा पहिलोपटक पाँच दिने एआई फिल्म वर्कसप समावेश गरिएको छ । उक्त वर्कसपमा फिल्म निर्माणका विभिन्न चरण–प्रि-प्रोडक्सन, प्रोडक्सन र पोस्ट-प्रोडक्सन–मा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिइनेछ । साथै, फिल्म निर्माणमा एआईको सम्भावना र भविष्यका विषयमा पनि छलफल गरिने जनाइएको छ । इच्छुक सहभागीहरूले चैत ११ (मार्च २५) भित्र आवेदन दिन सक्नेछन् ।

त्यसैगरी, 'निफ फिचर पिच' कार्यक्रममार्फत नयाँ तथा उदीयमान लेखकहरूलाई आफ्ना कथा प्रस्तुत गर्ने अवसर प्रदान गरिनेछ । छोटा चलचित्र निर्माणमा अनुभव भएका सर्जकहरूले आफ्ना फिचर फिल्मका अवधारणा निर्माता समक्ष प्रस्तुत गर्न सक्नेछन् । युवा फिल्मकर्मीलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको अध्यक्ष पाठकले बताए ।

आयोजकका अनुसार यस वर्षको निफमा ४० देशका ८८ चलचित्र प्रदर्शन गरिनेछन् । साथै, चलचित्रसँग सम्बन्धित विभिन्न विषयमा करिब १० वटा अन्तरक्रियात्मक सत्रहरू पनि सञ्चालन गरिनेछन् । यी कार्यक्रमहरूको विस्तृत तालिका छिट्टै सार्वजनिक गरिने जनाइएको छ ।

# पोखरामा '१८–डी सिनेमा' सञ्चालन

**पोखरा/मस-** पर्यटनको प्रमुख गन्तव्य पोखरामा अत्याधुनिक '१८-डी सिनेमा' सञ्चालनमा आएको छ । फ्लाइ नेपाल इन्टरटेनमेन्टले लेकसाइडस्थित डिज्नील्याण्ड क्षेत्रमा शुक्रबारदेखि सेवा सुरु गरेको हो ।




नयाँ सिनेमा हलको उद्घाटन अभिनेता राजेश हमालले गरेका हुन् । उद्घाटन समारोहमा उनले पोखराका दर्शकले अब फरक किसिमको सिनेमाटिक अनुभव लिन पाउने बताए । उनका अनुसार, यो सिनेमा केवल मनोरञ्जनमा सीमित नभई नयाँ अनुभूतिको संसार हो ।

हमालले आफ्नो फिल्मी करिअरको सुरुवाती चरणमा पोखरामा 'देउकी' चलचित्रको छायांकन गरेको सम्झना पनि साटेका थिए । साथै, उनले नयाँ उद्यम र प्रविधिमा लगानी गर्ने वातावरण सिर्जना गर्न सरकारको भूमिका महत्वपूर्ण हुने धारणा राखे ।

कम्पनीका प्रमुख राम थापाले काठमाडौंमा सफल सञ्चालनपछि पोखरामा दोस्रो शाखा विस्तार गरिएको जानकारी दिए । उनले पोखरामा जडान गरिएको प्रविधि अझ उन्नत रहेको दाबी गरे । '१८-डी सिनेमा'मा १० देखि ३० मिनेट अवधिका १७ वटा फरक कथामा आधारित अनुभव प्रस्तुत गरिनेछ । यसमा विशेष इफेक्टमार्फत दर्शकले आफू फिल्मकै हिस्सा बनेको अनुभूति गर्न सक्नेछन् । उल्लेखनीय कुरा, यो अनुभवका लागि कुनै चश्मा वा हेडसेट आवश्यक पर्दैन ।

कम्पनीका निर्देशक हिमाल थापाले यस्तो प्रविधिले पोखराको मनोरञ्जन क्षेत्रमा नयाँ उचाइ थप्ने विश्वास व्यक्त गरे । उनका अनुसार, अब दर्शकले साहसिकता केवल बाहिरी गतिविधिमा मात्र होइन, सिनेमा हलभित्रै पनि अनुभूति गर्न सक्नेछन् ।

## Ganyapdhura Rural Municipality
## Office of the Rural Municipal Executive

**Ganespur, Dadeldhura**

**Sudurpashim Province, Nepal**

**Invitation for bids/Sealed Quotation**

**Date of publication: 2082-12-08 (22/04/2026) at 10:00 am**

1. Ganyapdhura Rural Municipality invites open competitive electronic bid Sealed Quotation from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Description | Cost Estimate (Nrs) Without VAT & PS | Bid Security Amount (Nrs) | Last Date of Bid Submission | Bid Opening Date & Time | Bid Fee (Nrs) |
|---|---|---|---|---|---|---|---|
| 1. | GDRM/SQ/ Works/02/2082/083 | Construction of Hamkada Brihat Khanepani yojana ward no -01 and Sahukharka Brihat Khanepani yojana Ward-01 | 1688381.44 | 49964 | 06 04-2026 at 12:00 | 06 04-2026 at 14:00 | 1000 |
| 2. | GDRM/NCB/ Works/13/2082/083 | Construction of Ward No -04 Administrative Building and Boundary Construction | 15256176.50 | 445680 | 21/04/2026 at 12:00 | 21/04/2026 at 14:00 | 3000 |
| 3. | GDRM/NCB/ Works/14/2082/083 | Ashigram Ruwakhola Tatabandhan | 1698553.30 | 50133.05 | 21/04/2026 at 12:00 | 21/04/2026 at14:00 | 3000 |
| 4. | GDRM/NCB/ Works/15/2082/083 | Phaltadi Ganeshpur Kailpalmandu Rel-Moi Road Uprgrading Maintenance &Amp Construction | 2690440.04 | 78000.01 | 21/04/2026 At 12:00 | 21/04/2026 At 14:00 | 3000 |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at www.bolpatra.gov.np/egp.
3. Information to deposit the cost of bidding document in Bank:
   a. Name of the Bank: Nepal SBI Bank
   b. Name of Office: Ganyapdhura Rural Municipality
   c. Aantarik RajaswaAccount: Ga 1.1– 41995241207004

**Chief Administrative Officer**

# वसन्त लम्सालले ल्याए 'मगर्नीको तीनपाने भाग २'

**अर्घाखाँची/मस–** नेपाली लोकसंगीतमा मौलिक स्वाद र सांस्कृतिक सम्मिश्रण प्रस्तुत गर्दै आएका गायक तथा सर्जक वसन्त लम्सालको 'मगर्नीको तीनपाने भाग २' गीत बजारमा आएको छ ।

मगर र गुरुङ समुदायको सांस्कृतिक मिठासलाई एउटै कथामा समेटिएको उहाँको नयाँ गीत वसन्त लम्साल 'युट्युब'बाट सार्वजनिक भएको छ । यस गीतमा मनोरञ्जनसँगै सामाजिक सन्देशलाई पनि प्रभावकारी ढंगले प्रस्तुत गरिएको छ । गीतमा विश्वास नेपालको संगीत संयोजन, लम्साससँगै सपना गाहा र सम्झना रणपालको स्वर रहेको छ ।




अर्घाखाँचीको पाणिनी गाउँपालिकमा जन्मिएका वसन्त लम्सालले यसअघि सार्वजनिक गरिएको मगर्नीको तीनपाने भाग १ ले पाँच 'मिलियन'भन्दा बढी ' भ्युज' प्राप्त गरेको थियो । मगर समुदायको तीनपाने र गुरुङ समुदायको तुम्बा संस्कृतिलाई कलात्मक ढंगले एकीकृत गर्दै प्रस्तुत गरेका छन् । लम्सालले १५० भन्दा बढी गीतमा स्वर दिइसकेका छन् ।

**GADGET SHOP**
**Kathmandu**

**VAT No. 301124672** **Cell No. 9847307182**

| S.N. | Items | MRP |
|---|---|---|
| 1. | SONY FX3 CAMERA WITH SONY 24-70 LENS | 3,04,047.35 |
| 2 | SONY A7IV WITH SIGMA 24-70 LENS | 1,90,865.73 |
| 3 | CANON G7X CAMERA | 87,115.72 |
| 4 | OSMO POCKET ACTION CAMERA | 50,437.62 |
| 5 | DJI OSMO ACTION CAMERA | 58,819.74 |
| 6 | SONY A6400 CAMERA WITH SIGMA 85M | 1,07,028.43 |
| 7 | SONY A7III CAMERA WITH TAMRON 35-150 | 1,63,615 |
| 8 | SONY A7V CAMERA SIGMA 70-200 LENS | 2,64,224.23 |
| 9 | SONY A7SIII CAMERA WITH 50M LENS | 2,32,784.38 |
| 10 | SONY ZVE 10 CAMERA WITH TAMRON LENS | 99,691.20 |

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/०८**

यस कम्पनीको मिति २०८२/१२/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी कौशल सपोर्ट एण्ड सोलुसन्स प्रा.लि. (Kaushal Support and Solutions Private Limited) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाममा के. एस. एस. प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३११९९०८/०८०/०८१) (K.S.S. Private Limited) को कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्टारको कार्यालयको मिति २०८२/१२/०५ गतेको निर्णय बमोजिम नाम परिवर्तन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**के. एस. एस. प्राइभेट लिमिटेड**
**काठमाण्डौं महानगरपालिका-९, काठमाडौं**

## बोगटान फुड्सिल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**चवराचौतारा, डोटी**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्रको आशय पत्र सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/१२/०८**

यस बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यापालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अन्तरर्गत Construction work of Nanaowabhatalidumari 05 - gagudabagarmallodail 06 - hasraulajajalahattiban 04 road and Construction work of katai to Karnali 01 - chidikhanguinadabithara 01 - kipalagarada 02 - chunkadadaldalekedar 07 - road कार्यका लागी मिति २०८२/१०/२९ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्विकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल :**

| ठेक्का न. | कामको विवरण | बोलपत्रदाताको नाम | कबोल रकम (including VAT) |
|---|---|---|---|
| 07/BPRM/ NCB/2082/83 | Construction work of Nanaowabhatalidumari 05- gagudabagarmallodail 06- hasraulajajalahattiban 04 Road | Masta kedar construction and suppliers pvt. ltd Dipayal Silgadhi 04, Doti | 27,79,841.68/- |
| 08/BPRM/ NCB/2082/83 | Construction work of Katai to Karnali 01- Chidikhanguinadabithara 01- Kipalagarada 02- Chunkadadaldalekedar 07- Road | Sawane Construction Bardagoriya RM 01, Kailali | 37,67,206.3/- |

**प्रमुख प्रशासकिय अधिकृत**

## वालिङ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**वालिङ, स्याङ्जा**

**गण्डकी प्रदेश, नेपाल**

**योजना कार्यान्वयनको लागि बोलपत्र आव्हानको सूचना**

**(सूचना प्रकाशित मिति २०८२।१२।०८ गते)**

नगर कार्यपालिकाको कार्यालयको चालु आर्थिक वर्ष २०८२/२०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित योजना कार्यान्वयनको लागि आधारभूत विद्यालयहरुको मर्मत सुधार कार्य गर्नको लागि नेपाल सरकारबाट इजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरु वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक बोलत्रप आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक फर्म/कम्पनी/निर्माण व्यवसायीको अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको चालु आ.व. २०८२/२०८३ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थानीय लेखा दर्ता नं. एवम् आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्र भ्याट, साथै आ.व. २०८१/२०८२ को कर चुक्ता भएको कागजत भए सो समेतको प्रमाणित प्रतिलिपिको साथ तल उल्लेखित् रकम (पछि फिर्ता नहुने) नेपाल बैंक लिमिटेड शाखा वालिङमा रहेको Office Account No. sutrarevenue. fcgo.gov.np मा अन्य प्रशासनको सेवा शुल्क राजश्व शीर्षक नं. १४२२९ मा जम्मा गरेको बैंक भौचर संलग्न राखी जम्मा गरेको बैंक भौचर संलग्न राखी सार्वजनिक खरिद अनुगमनको कार्यालय www.ppmo.gov.np (विद्युतीय माध्यम) द्वारा मात्र बोलपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।

२. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्र पुस्तिकामा उल्लेख भए बोजिममका कुराहरु खुलेको प्रमाण पत्र बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

३. बोलपत्र पुस्तिका तथा सूचनामा उल्लेखित मूल्याङ्कनका आधारहरु पूरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत गरिने छैन।

४. बोलपत्र फाराम भर्दा अङ्क अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता लिईनेछ । साथै केरमेट भएको ठाउमा सही छाप हुनु पर्नेछ ।

५. बोलपत्र जमानत रकम नेपाल बैंक लिमिटेड शाखा वालिङमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन सम्म म्याद भएको जमानत (Bid Security) समावेश भएको हुनु पर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रस्ट रुपमा पढि छाप गरि पेश गर्नु पर्नेछ । बोलपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनु पर्ने र बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु बोलपत्र साथ संलग्न हुनु पर्ने छ ।

७. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४, संशोधित समेत हुनेछ ।

९. बोलपत्र फाराम खरिद/ दर्ता गर्ने समय

| | | |
|---|---|---|
| बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति २०८३।०१।०८ गते समय १२.०० बजे । | बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०८३।०१।०८ गते, समय १२.०० बजे । | बोलपत्र खोल्ने मिति २०८३।०१।०८ गते समय २.०० बजे । |

१०. निर्माण कार्यको विवरण

| सि. न. | ठेक्का न. | योजनाको नाम | लागत अनुमान (भ्याट समेत) रु. | जमानत रकम रु | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | १०/२०८२/२०८३ | आधारभूत विद्यालयहरुको मर्मत सुधार कार्य । वालिङ वडा नं. २,४,५,७, ८,९,११ ,१२,१३ र १४ | ४४,०५,९८३.० | १,२१,१६५.० | ३,०००.० |
| २ | ११/२०८२/२०८३ | कृषि सम्बन्धी टनेल निर्माण कार्य / वालिङ कृषि विकास परियोजना अन्तर्गत- वालिङ १-१४ | ६०,००,०००.० | १,६५,०००.० | ३,०००.० |

# विनोद र पूर्णलक्ष्मीलाई लुम्बिनी अन्तर्राष्ट्रिय पिस म्याराथनको उपाधि

**लुम्बिनी/मस-** त्रिभुवन आर्मी क्लबका विनोद रोकाया र पूर्णलक्ष्मी न्यौपाने चौथो लुम्बिनी अन्तर्राष्ट्रिय पिस म्याराथनमा च्याम्पियन भएका छन् । लुम्बिनी मन्दिरको प्राङ्गणमा शनिबार भएको पुरुष म्याराथन (४२.१९५ किलोमिटर)मा विनोद र महिला हाफ म्याराथनमा पूर्णलक्ष्मी च्याम्पियन भएका हुन् ।

नेपाल ओलम्पिक कमिटी (एनओसी) को आयोजनामा भएको प्रतियोगितामा विनोदले दुई घण्टा १७ मिनेट ५५ सेकेण्ड समय निकाल्दै पहिलो भए। हाफ म्याराथन (२१ किलोमिटर) महिलातर्फ पूर्णलक्ष्मीले एक घण्टा १७ मिनेट १० सेकेन्ड मा दूरी पूरा गर्दै उपाधि जितिन् । उनले १३औं दक्षिण एशियाली खेलकुद (साग)मा स्वर्ण विजेता सन्तोषी श्रेष्ठलाई हराउँदै च्याम्पियन भएकी हुन्। ४२ किलोमिटर म्याराथनमा आर्मीकै खेलाडीले वर्चस्व जमाए ।




आर्मीका सुशीलकुमार शाही र नरेन्द्रसिंह राउत क्रमशः दोस्रो र तेस्रो भए । सुशीलकुमार दुई घण्टा १८ मिनेट १६ सेकेण्ड र नरेन्द्रसिंहले दुई घन्टा १९ मिनेट ५८ सेकेण्ड समय निकाले । चिनका वाङ ची (२.२१:०५ सकेण्ड) चौथो, केन्याका जुलियस वाकोमे (२.२३.०० सकेण्ड) पाँचौं, दलबहादुर कुँवर (२.२४.०७ सकेण्ड) छैटौं, इशाह नुन्गु (२.२५:४२ सकेण्ड) सातौं, कुलबहादुर बस्नेत (२:२८.१७ सकेण्ड) आठौं, हरि रिमाल (२.२९:२० सकेण्ड) नवौं र कर्णबहादुर रोकामगर (२:३४.२० सकेण्ड) दशौं स्थानमा रहे ।

हाफ म्याराथन महिलामा सन्तोषी श्रेष्ठ एक घण्टा १८ मिनेट ४० सेकेण्डसहित दोस्रो स्थानमा नै सीमित भइन् । उनी यसअघि दोस्रो र तेस्रो संस्करणको च्याम्पियन हुन् । निशा शर्की एक घण्टा १९ मिनेट १९ सेकेन्डका साथ तेस्रो भइन् । महिलातर्फ सुनसरी रोकाया एक घण्टा २१ मिनेट ४६ सेकेण्डसहित चौथो, चीनकी रुवान शेइङ एक घण्टा २२ मिनेट ३८ सेकेण्डसहित पाँचौं तथा कल्पना बुढा एक घण्टा २५ मिनेट ७ सेकेण्डसहित छैटौं स्थानमा रहिन् ।

पुरुष म्याराथनमा विजेता विनोदले तीन लाख ५० हजार, दोस्रो भएका सुशीलले दुई लाख ५० हजार र तेस्रो नरेन्द्रले एक लाख ५० हजार रुपैयाँ पुरस्कार पाए । हाफ म्याराथनमा शीर्ष १० स्थानमा रहने धावकले क्रमशः एक लाख, ८० हजार, ६० हजार, ४० हजार, २० हजार १० हजार र ५ हजार रुपैयाँ पाए ।

भेट्रान्स पाँच किमी दौडमा धर्म महर्जन पहिलो भए । रामचन्द्र श्रेष्ठ दोस्रो र रेवतबहादुर दाहाल तेस्रो भए । पुरुष पाँच किलोमिटर खुला दौडमा नेपाल पुलिस क्लबका नागेश्वर अहिर पहिलो, आर्मीका रुपेश कार्की दोस्रो र भारतका प्रिन्स निसाद तेस्रो भए । पाँच किलोमिटर दौड गर्ल्समा दीपशीखा शाही, स्वस्तिका शाही र अन्तिमा बुढा शिर्ष तीन स्थानमा रहे ।

पाँच किलोमटर ब्वाइजमा युवराज बुढाले पहिलो, रमेश बुढाले दोस्रो र अरविन्दकुमार यादवले तेस्रो स्थान प्राप्त गरे । म्याराथनकै अवसरमा तीन किलोमिटर वाकाथन पनि आयोजना भयो । पिस म्याराथन नेपाल ओलम्पिक कमिटीको आयोजना तथा चिनिया राजदूतावासको सहयोगमा भएको हो । विजेतालाई नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठ र लुम्बिनी पिस म्याराथनका संयोजक अशोक बज्राचार्यलगायतले नगद पुरस्कार प्रदान गरेका थिए ।

प्रतियोगितामा भारत, चीन र केन्याका खेलाडीहरूको सहभागिता रहेको थियो । शान्ति र एकताको सन्देश फैलाउने उद्देश्यले आयोजना गरिएको उक्त म्याराथनले खेलकुदमार्फत अन्तर र्ष्ट्रियस्तरमा नेपालको पहिचान प्रवर्द्धन गर्ने आयोजकले जनाएको छ ।

# प्रिन्स र आदित्यलाई स्वर्ण




**काठमाडौं/मस-** एमएमएसीका प्रिन्स विक र बन्दी सहायता नियोग (पाम)का आदित्य श्रेष्ठले नेकोस आठौं अन्तर्राष्ट्रिय जुडो प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन् ।

नयाँ बजारस्थित बहुउद्देश्यीय मार्सल आर्ट्स केन्द्र (एमएमएसी) मा भएको पुरुष २६ केजीमुनि प्रिन्सले बाल विकास जुडो डोजोका आनाश महतरा तथा ३५ केजीमुनि आदित्यले एमएमएसीका सुवास विकलाई फाइनलमा पराजित गरे ।

नेपाल खेलकुद महासंघ (नेकोस) अन्तर्गत राष्ट्रिय जुडो संघ नेपालद्वारा आयोजित प्रतियोगिताको पुरुष ४६ केजीमुनि एमएमएसीका सदिन तामाङले बाल विकासका विनोद नेपाली, ५० केजीमुनि पामका लाक्पा टासी शेर्पाले दाङका अमृत बुढा मगर, ६१ केजीमुनि पेल्खिल जुडो क्लब, भुटानका निखिल समलले गेलुफु जुडो क्लब, भुटानका टासी दोर्जी र ६१ केजीमाथि बंगलादेश क्रिरा शिखा प्रोतिष्ठानका विजोय उषाचिङ मार्माले पेल्खिलका जिग्मे साम्तेन दोर्जीलाई हराउँदै स्वर्ण जिते ।

बी एन्ड टी ट्रेडिङ कम्पनी लिमिटेड (होकाइडो, जापान) को मुख्य प्रायोजनमा भइरहेको प्रतियोगिताको महिला २८ केजीमुनि एमएमएसीकी राधिकाकुमारी चौधरीले पामकी स्मृति विक, ४५ केजीमुनि पामकी समिता नेपालीले एमएमएसीकी जेनिशा वाइबा, ४१ केजीमुनि एमएमएसीकी रेनिशा वाइबाले गेलेफुकी दाम्चोइ दोर्जी वाङमो, ४९ केजीमुनि एमएमएसीकी प्रविना गौतमले चेतना सदनकी सन्जिता कुमाल, २२ केजीमुनि एमएमएसीकी साम्याङ तामाङले नागर्जुन भ्याली एकेडेमीकी डेनिशा दोङ र ५३ केजीमुनि बंगलादेश क्रिराकी अजिजा अल्या लियोनले एमएमएसीकी श्रष्टा नापितलाई पाखा लगाउदै शीर्ष स्थानमा रहे ।

विभिन्न ३५ स्पर्धा समावेश प्रतियोगिताको अन्तिम दिन आइतबार १५ स्वर्णका लागि प्रतिस्पर्धा हुने आयोजक संघका अध्यक्ष धर्मकुमार श्रेष्ठले जनाएका छन् ।

# एचजेएनबिएल : टाइम्सको लगातार पाँचौं जित

**काठमाडौं/मस-** हिमालयन जाभा नेसनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा टाइम्स ईन्टरनेसनल क्लबले चौथो जित हात पारेको छ ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शनिबार भएको खेलमा टाइम्सले रोयललाई ९५-६१ ले पराजित गरेको हो ।

टाइम्सको यो लगातार पाँचौ जित हो । पहिलो खेलमै गोल्डेनगेटसँग पराजित भएको टाइम्सले त्यसयता उत्कृष्ट प्रदर्शन गर्दै लगातार जित हात पारेको हो । ६ खेलबाट टाइम्सले ११ अंक जोडेको छ । रोयलको यो पाँचौ हार हो । ६ खेलबाट रोयलको ७ अंक छ ।

टाइम्सले चारै क्वाटरमा अग्रता लिने क्रममा २९-१७, १७-१४, २५-१८ र २४-१२ को प्रदर्शन गऱ्यो । टाइम्सका कप्तान सदिश प्रधानले सर्वाधिक २४ अंक स्कोर गरे ।




शुक्रबार राति भएको खेलमा आर्मीले प्लेबक्स एरेनालाई १०२-८६ ले हरायो । नेपाल बास्केटबल संघ (नेबा)को आयोजनामा भईरहेको दोस्रो संस्करणको एचजेएनबीएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन् ।

डबल राउण्ड रोबिनका आधारमा हुने लिगमा कुल ५६ खेल हुनेछ । लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् । प्लेअफ अन्तर्गत लिगमा पहिलो र दोस्रो हुने टोलीबीच पहिलो क्वालिफायर हुनेछ भने लिगमा तेस्रो र चौथो हुने टोलीबीच एलिमिनेटर खेल हुनेछ । पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरमा विजयी टोलीबीच दोस्रो क्वालिफायर हुनेछ । पहिलो र दोस्रो क्वालिफायरको विजेताबीच फाइनल खेल हुनेछ ।

प्रतियोगिताको विजेताले नगद ४ लाख प्राप्त गर्नेछन् भने उपविजेताले २ लाख र तेस्रो हुनेले १ लाख हात पार्नेछन् । यस्तै प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै मोस्ट भ्यालुएबल प्लेअर (एमभिपी) घोषित हुनेलाई पनि आकर्षक पुरस्कार प्राप्त गर्ने नेबाले जनाएको छ ।

# कार्कीको ललितपुरदेखि उत्तरप्रदेशसम्मको दौड सुरु



**काठमाडौं/मस-** धावक रामसुन्दर कार्कीले ललितपुरदेखि भारतको उत्तरप्रदेशस्थित अयोध्या मन्दिरसम्मको दौड यात्रा शनिबारदेखि सुरु गरेका छन् । करिब ४ सय ५० किलोमिटर दूरी ५५ वर्षीय कार्कीले चैत १३ गते रामनवमीका दिन पूरा गर्ने बताए । दौडअघि नै कार्की र पूर्वखेलाडी गोकुल खत्रीले रुट अवलोकन गरेका थिए ।

गोदावरी नगरपालिका वडा १, गोदामचौरस्थित कार्कीटारको हनुमान मन्दिरबाट कार्कीले दौड प्रारम्भ गरेका हुन् । उनी त्यहीँका बासिन्दा हुन् । हनुमान मन्दिर पनि कार्की आफैंले निर्माण गरेका हुन् । त्यही हनुमान मन्दिरमा २७ फिट अग्लो पित्तलको गदा निर्माणका लागि सहयोग संकलन गर्न विगतमा अभियानलाई निरन्तरता दिन दौडेको कार्कीले जानकारी गराए । मन्दिर परिसरमै सफलताका लागि शुभकामना दिँदै कार्कीका बुबा शिवराम, शुभचिन्तकलगायतले कार्कीलाई बिदाइ गरेका थिए ।

कार्की यसअघि ललितपुरदेखि जनकपुर पाँचपटक, काठमाडौंदेखि दोलखा ३ पटक, काठमाडौंदेखि बुटवल १ पटक, काठमाडौंदेखि सिन्धुली ३ पटक र काठमाडौंदेखि उत्तर प्रदेश १ पटक दौडेर पुगेका थिए ।


**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर**

**चितवन जिल्ला, भरतपुर महानगरपालिका, वडा नं. ४, यज्ञपुरीमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता लक्षित "सञ्चयकर्ता सामूहिक आवास आयोजना" निर्माण तथा संचालनको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि**

**क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०८)**

बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका-४, यज्ञपुरीमा कर्मचारी संचय कोषको तर्फबाट कोषको एकल स्वामित्वमा स्थापित सञ्चयकोष घरजग्गा व्यवस्थापन कम्पनी प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावको नाम | सञ्चयकर्ता सामूहिक आवास आयोजना निर्माण तथा संचालन |
|---|---|
| प्रस्तावको व्यहोरा | स्थान: बागमती प्रदेश, चितवन जिल्ला, भरतपुर महानगरपालिका ४, यज्ञपुरी<br>कूल प्लट क्षेत्र: ३२७७०.८० वर्ग मिटर (क्षेत्रफल ४-१६-१५.५ विगाह)<br>कूल निर्माण क्षेत्रफल (Built up Area): १८,३३६.१८१ वर्ग मिटर<br>जम्मा घर निर्माण संख्या: १२९ वटा, सामुदायिक भवन: १ वटा, मन्दिर: १ वटा<br>कित्ता नं: ३५<br>आयोजनाको उद्धेश्य: भरतपुर महानगरपालिका-४, यज्ञपुरीमा कर्मचारी संचय कोषको तर्फबाट सञ्चयकोष घरजग्गा व्यवस्थापन कम्पनीले सञ्चयकर्ता सामूहिक आवास निर्माण तथा संचालन |
| प्रभाव पार्न सक्ने जिल्ला / स्थानीय तह | प्रदेश: बागमती, जिल्ला: चितवन, भरतपुर महानगरपालिका, वडा:४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| परामर्शदाताको नाम ठेगाना | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| ग्रेट हिमालयन रिसर्च एंड कन्सल्ट प्रा. लि.,<br>काठमाडौं, फोन: 977-9851203453<br>इमेल: ghrc018@gmail.com ,<br>वेब: www.ghrc018.com | सञ्चयकोष घरजग्गा व्यवस्थापन कम्पनी प्रा. लि.,<br>लगनखेल, ललितपुर, फोन: 01-5422546, 01-5422547<br>इमेल: epf.realestate@epf.org.np,<br>वेब: www. epfgharjagga.com |



**साइप्रसमा रोजगार**

१ कम्पनी: SOL.FE. SOLOMOU CONSULTING SERVICES LTD. शहर: CYPRUS,LARNACA
पूर्व स्वीकृत मिति: २०८२/०२/२२ चलानी नं.: ६०२३९३०० LT. No.: 325280 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1150 | १,९५,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 5 | 2 | | 1000 | १,६९,६९० | | | | | | | |
| 3. | Receptionist | 1 | 0 | | 1000 | १,६९,६९० | | | | | | | |

कम्पनी: K. Kazamias Net Limited शहर: Cyprus
पूर्व स्वीकृत मिति: २०८१/१२/०६ चलानी नं.: ६०२३४४५५ LT. No.: 320244 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EUR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 2 | 4 | स. काममा दक्ष | 400 | ६७,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ चैत १५ गते (29 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. २५,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIRD SKY H.R. PVT.LTD
श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोन: +977-1-5913815, 5913915,
E-mail: info@birdskyhr.com.np, Website: www.birdskyhr.com.np



**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**टीकापुर अस्पताल**
**टीकापुर कैलाली, नेपाल**

**बोलपत्र प्रकाशित सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/१२/०८**

यस अस्पतालको तपसिल बमोजिमको कार्यको लागि विद्युतीय बोलपत्र (NCB/GOODS) सम्बन्धी प्रकाशित सूचनाको विस्तृत विवरण यस अस्पतालको वेबसाइट www.tikapurhospital.gov.np र http://www.bolpatra.gov.np/egp मा अपलोड गरिएको बिड डकुमेन्टमा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (Nrs.) | Bid Document Price (Nrs.) | Remarks |
|---|---|---|---|---|---|
| 1. | TH/KAILALI/NCB/ GOODS/09/2082-083 | The Procurement, Supply, Delivery and Installation of Fully Automated New Born Screening Analyzer with DBS and Reagent | 2,90,000/- | 3000/- | Hard Copy Not Acceptable |

प्र.मे.सु.
टीकापुर अस्पताल, कैलाली



**Bogatan-Phudsil Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chawarachautara, Doti**

**Invitation for the Bids**

**Date of Publication: 2082/12/08**

1. ***Bogatan-Phudsil Rural Municipality, Office of the Rural Municipal Executive*** invites electronic bids from eligible bidders for the Works of ***Construction work for Masteshwor Ma. Vi. Boundary wall*** under Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work | Estimated Amount exclusive of VAT (NRs.) | Bid Security (NRs) | Bid Document Price (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 09/BPRM/SQ/2082/83 | Construction work for Masteshwor Ma. Vi. Boundary wall | 8,85,055.74/- | 27,000/- | 1000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Bogatan-Phudsil Rural Municipality office, Email: icto.bogatanmun@gmail.com, may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Internal Revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Global IME Bank Ltd.
Name of Office: Bogatan Phudsil Rural Municipality, Doti
Office Code : 801077108
Office Account no.: 13304010000007 (For Bid fee)
Office Account no.: 13304010000004 (For Bid Security)

**Chief Administrative Officer**

# ‘जन्मभूमिमा लगानी गर्न इच्छुक छौं’

गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं महाधिवेशनले सर्वसम्मत नयाँ नेतृत्व चयन गरेको छ । दसौं महाधिवेशनपछि करिब ४ वर्ष विवाद र विभाजनको प्रक्रियामा रुमल्लिएको एनआरएनए फेरि एकजुट भएर अघि बढेको छ । नयाँ नेतृत्वसँग अब विश्वभर छरिएका लाखौं गैरआवासीयको नयाँ नेतृत्वले अबका दिनमा एकताबद्धताको सन्देशसमेत दिनुपर्नेछ । एनआरएनएले विदेशमा लामो संघर्षबाट जम्मा गरेको लगानी, सीप र अनुभवलाई नेपालको आर्थिक विकास र समृद्धिलाई कसरी जोड्न सकिन्छ ? भन्ने विषयमा गैरआवासीय नेपाली संघ (एनआरएनए)का प्रवक्ता **सोमनाथ सापकोटा**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी :



**सोमनाथ सापकोटा**, प्रवक्ता, गैरआवासीय नेपाली संघ

**– बृहत् एकता महाधिवेशनबाट आएको नयाँ नेतृत्वले नेपाली डायस्पोरामा कस्तो सन्देश दिएको छ ?**

चार वर्ष लामो आन्तरिक विवाद र विभाजनको अन्त्य भएर विश्वभर रहेका नेपाली एक भएको सन्देश दिएको छ। नेपाली डायस्पोरालाई एक गर्नका लागि १२औं महाधिवेशन सफल भएको छ । अहिलेको नयाँ नेतृत्व सबै विदेशमा रहेका नेपालीको साझा संस्थाको रूपमा काम अगाडि बढ्छ । हाम्रा लागि अत्यन्तै ठूलो अवसरसमेत हो । अब अत्यन्तै जिम्मेवारीका साथ प्रवासमा रहेका नेपालीहरूको हकहितका साथै त्यहाँको सीप र पुँजीलाई नेपालमा कसरी लगानी गरेर जन्मभूमिलाई समृद्ध बनाउने रणनीतिका साथ काम गर्ने प्रतिबद्धता समेत गरेका छौं ।

**– लामो समयपछि नेपालमा स्थिर सरकार बन्दै छ । त्यसले एनआरएनलाई लगानी गर्नका लागि सहज बनाउछ ?**

हो, पक्कै पनि अबको पाँच वर्ष लगानीको वर्ष बन्नुपर्छ भन्ने सम्पूर्ण नेपालीको चाहना छ । नयाँ कार्यसमितिले पनि नयाँ सरकारसँग मिलेर काम गर्न चाहेको छ । एक दलको शक्तिशाली बहुमतसहितको सरकार बन्दा अब देश परिवर्तनको दिशामा अगाडि बढ्छ भन्ने आशा र अपेक्षा छ । अहिले नेपालीले जुन जनमत दिएका छन त्यसमा गैरआवासीय नेपाली संघको तथा प्रवासमा रहेका नेपालीको समेत अत्यन्त ठूलो भूमिका छ। विदेशमा रहेका नेपालीका समस्यालाई नीतिगत प्रक्रियाबाट छुट्याउनका लागि पहल गर्नेछौं । नयाँ सरकारले ल्याएको योजनामा सँगै रहेर समृद्ध नेपाल निर्माणका लागि लगानी गर्न तयार छौं । नयाँ सरकारले निकास दिन्छ भन्ने कुरामा विश्वस्त छौं। नेपालको उन्नतिका लागि लगानी गर्ने उत्तम समयका रूपमा यसलाई विकास गर्नेछौं ।

**– एनआरएनएले नेपालको आर्थिक विकासका लागि कस्ता योजना अघि सारिरहेको छ ?**

नेपालको आर्थिक विकासमा एनआरएनएको सधैं साथ रहँदै आएको छ। नयाँ कार्यसमितिले समेत नेपाल सरकार तथा गैरआवासीय नेपालीहरूको संयुक्त लगानीमा स्थापना भएको १० अर्ब पुँजीको एनआरएन नेपाल डेभलपमेन्ट फन्ड सञ्चालन गर्ने भएको छ। फन्डमार्फत गैरआवासीय नेपालीको पुँजी परिचालन गर्न यस संघअन्तर्गतका ६ वटा अमेरिका, एसिया, ओसेनिया, मध्यपूर्व/मलेसिया, अफ्रिका र युरोप विभिन्न कार्यक्रम गर्ने योजनासमेत छ। फन्डलाई प्रभावकारी बनाउन आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्न सरकारसँग सहकार्य गरेर अघि बढ्नेछौं । जन्मभूमिको आर्थिक विकासका लागि जसले जहाँबाट जे गर्न सकिन्छ त्यसरी नै सहयोग गर्ने अभियानका रूपमा काम गर्नेछौं । फन्डले नेपालको प्राथमिकतामा रहेका प्रोजेक्टहरूमा लगानी गर्छ र स-साना लगानीकर्तालाई नेपालमा सानो भए पनि लगानी गर्नका लागि प्रोत्साहन गर्ने रणनीति बनाउनेछ ।

**– नेपालमा लगानी गर्न एनआरएनहरू कत्तिको इच्छुक देखिन्छन् ?**

नेपाल हाम्रो जन्मभूमि हो । एनआरएनहरूले जस्तो अप्ठ्यारो परिस्थिति हुँदा पनि लगानी गरेका छौं । अब अहिले त त्यो स्थिति रहेन । सरकारले गैरआवासीय नेपालीका लागि लगानीको वातावरण कम बनाएको छ । अझै पनि नागरिकतासँग जोडिएको इस्यु छ। सरकारले अब विदेशी लगानी (एफडिआई) खोज्दै अरू देशमा जानुभन्दा नेपाली मूलका विदेशी नागरिकलाई अवसर दिने हो भने उनीहरू तत्पर देखिन्छन्। सरकारका योजनाहरूमा एकदमै ट्रस्टेड पार्टनरका रूपमा नेपालको सोसियल इकोनोमिक डेभलपमेन्टको लागि काम गर्नेछौं ।

**– मध्यपूर्वको द्वन्द्वले अहिले खाडी मुलुकमा गएका नेपालीलाई समस्या पर्ने देखिएको छ । त्यसलाई एनआरएनएले कसरी हेरेको छ ?**

मध्यपूर्वको द्वन्द्व कसरी अगाडि जाने हो अझै अनिश्चित नै छ । त्यहाँ रहेका नेपाली समस्यामा पर्न थालेका छन् । द्वन्द्वले कतिबेला के हुने हो भन्ने त्रास बढ्दो छ । मध्यपूर्व क्षेत्रमा युद्ध तथा संकटका कारण समस्यामा परेका नेपाली श्रमिकको उद्धारका लागि कूटनीतिक नियोग तथा दूतावासहरूसँग समन्वय गरेका छौं। हाम्रा संघमार्फत समेत श्रमिकहरूको सुरक्षा, राहत, उद्धार र पुनर्स्थापनाका केन्द्रित हुन आग्रह गरेका छौं । खाडी क्षेत्रमा रहेका समस्या समाधानका लागि हामीले सरकारसँग सधैं नजिक रहेर काम गर्नेछौं। अहिलेले २० लाखभन्दा धेरै मध्यपूर्वका मुलुकमा नेपाली हुनुहुन्छ । दुईजनाको मृत्यु र घाइते समेत भइरहेको अवस्थाले त्रासमा हुनुहुन्छ। हाम्रो संघले फेस टु फेस मिटिङबाट त्यहाँ रहेका नेपालीको उद्धारको काम सुरु गरेको छ । वैदेशिक कल्याणकारी कोषमा रहेको रकममार्फत उद्धार अघि बढाउने योजना बनाएका छौं ।

## स्थायी सरकारप्रति निजी क्षेत्र आशावादी : अध्यक्ष अग्रवाल



काठमाडौं/मस- नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवालले स्थायी सरकार गठन हुन लागेकोमा निजी क्षेत्रमा आशा पलाएको बताएका छन् । नेपाल व्यापार संघ को ३३औं वार्षिक साधारणसभा तथा १७औं अधिवेशनलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै उनले उक्त धारणा राखेका हुन् । उनले निरन्तरको अस्थिर सरकारका कारण निजी क्षेत्रले अपेक्षाअनुरूप काम गर्न नसकेको स्मरण गराउँदै झन्डै दुईतिहाइ जनमत पाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को नेतृत्वमा गठन हुन गइरहेको स्थायी सरकारले निजी क्षेत्रका समस्या समाधान गर्दै मनोबल उच्च बनाउने र देशलाई आर्थिक समृद्धितर्फ अघि बढाउने अवसरको सदुपयोग हुनेमा निजी क्षेत्र आशावादी र उत्साही रहेको बताए ।

अध्यक्ष अग्रवालले रास्वपाको वाचापत्रमा उल्लेख गरिएको ७ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्यलगायत प्रतिबद्धताप्रति आफू उत्साहित रहेको पनि बताए। अध्यक्ष अग्रवालले नेपालको अर्थतन्त्र अत्यन्तै अस्थिर (भोलाटाइल) अवस्थामा पुगेको उल्लेख गरे । उनले आर्थिक वर्ष २०८१/८२ मा ४.४ प्रतिशत आर्थिक वृद्धिदर प्रक्षेपण गरिएको भए पनि कोभिड-१९को नकारात्मक प्रभाव तथा त्यसपछिको कुशल व्यवस्थापनको अभावका कारण अवस्था बिग्रिएको बताए । अध्यक्ष अग्रवालले अपार प्राकृतिक स्रोतले सम्पन्न देश भए पनि राजनीतिक तथा आर्थिक नीतिगत स्थायित्वको अभावका कारण आर्थिक समृद्धि हासिल गर्न नसकिएको र पर्याप्त रोजगारी सिर्जना गर्न नसकिएको पनि उनले उल्लेख गरे । उनले भने, ‘अपार प्राकृतिक स्रोतले भरिएको हाम्रो देशमा राजनीतिक र आर्थिक नीतिको स्थायित्वको अभावले आर्थिक समृद्धि हासिल गर्न सकेनौं ।’

नेपाल व्यापार संघका अध्यक्ष हरि गौतमले अधिवेशनले व्यवसायीबीच सहकार्य, अनुभव आदानप्रदान तथा नीतिगत बहसलाई सुदृढ बनाएको बताए । ‘यो अधिवेशनले निजी क्षेत्रको आवाजलाई अझ प्रभावकारी रूपमा उठाउने र भावी रणनीति तय गर्ने महत्वपूर्ण अवसर प्रदान गरेको छ,’ उनले उल्लेख गरे ।

## फ्लोरा एक्स्पोमा दर्शक र कारोबार दुवै वृद्धि

**काठमाडौं/मस–** पुष्प व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यसहित राजधानीमा आयोजना गरिएको २७औं फ्लोरा एक्स्पोमा ३८ लाखभन्दा बढीको कारोबार भएको छ ।

भृकुटीमण्डपमा भएको मेलामा दैनिक रूपमा दर्शक संख्या र कारोबार दुवैमा वृद्धि भएको आयोजकले जनाएको छ। फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा ‘स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय’ भन्ने मूल नारासहित सञ्चालन भइरहेको मेला चैत ८ गतेसम्म जारी रहनेछ। बिहीबारदेखि सुरु भएको मेलाको पहिलो दिन ९ हजार ५०० जनाले अवलोकन गरेका थिए भने २१ लाख ५० हजार रुपैयाँबराबरको कारोबार भएको फ्लोरिकल्चर एसोसिएसन नेपाल



(फ्यान)का कोषाध्यक्ष राजकृष्ण बजगाईंले जानकारी दिए ।

दोस्रो दिन शुक्रबार १७ हजार ५०० दर्शकले मेला अवलोकन गरेका छन् भने २९ लाख ५० हजार रुपैयाँबराबरको कारोबार भएको छ। त्यसैगरी तेस्रो दिन शनिबार २१ हजार ५०० दर्शकले अवलोकन गरेका छन् भने ३९ लाख ८० हजार रुपैयाँबराबरको कारोबार भएको उनले बताए । यससँगै पहिलो दुई दिनमै २७ हजार दर्शकले मेला अवलोकन गरेका थिए भने कारोबार ५१ लाख रुपैयाँभन्दा बढी पुगेको थियो । तेस्रो दिनपछि दर्शक संख्या र कारोबार दुवैमा थप वृद्धि भएको देखिएको छ। मेलामा सहभागी पुष्प व्यवसायीले उत्पादन गरेका फूल तथा बिरुवालाई विभिन्न विधामा प्रतिस्पर्धा गराइने मेलाका संयोजक रामबहादुर तामाङ (सुनिल)ले बताए । यस वर्षको एक्स्पोमा करिब ६० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको छ।

**विज्ञापन वापतको रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूमध्ये केहीले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानीका लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८२ चैत १५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्याेट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको कमिसन सुबिधासमेत उपलब्ध गराउन नसकिने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको संचालकको नाम र फोटो सहित सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily
www.madhyanhadaily.com | Madhyanha TV | Madhyanha News

नक्साल, काठमाडौं । फोन नं.: **01-5328298, 5326366**
**Email: ad.madhyanha@gmail.com, madhyanhadaily59@gmail.com**

**टन्सिलका लक्षण:**

- घाँटी दुख्ने, सुन्निने, रातो देखिने र ज्वरो आउने,
- घाँटीभित्र कहिलेकाहीँ सेतो दाग वा पिप देखिने,
- बोल्दा आवाज बदलिने वा करकराउने,
- खाना निल्न गाह्रो हुने,
- शरीर दुख्ने र थकान महसुस हुने,
- श्वास फेर्दा दुर्गन्ध आउने,
- कहिलेकाहिँ वाकवाकी लाग्ने वा पेट दुख्ने

टन्सिलका लक्षण हुन सक्छन्,

**यस्ता लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।**

नेपाल सरकार
विज्ञापन

**नेपाल सरकार**
**सडक विभाग**
**सडक डिभिजन चरिकोट**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०८२/१२/०८**

यस कार्यालयको मिति २०८२/१०/१९ को आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. ०८-०८२/८३ अनुसार तपसिल बमोजिमको निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | स्वीकृतिको लागि छनोट भएका बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ कर र पी.एस. सहित) |
|---|---|---|---|
| १. | RDCHT/33701138/ 082/83/27 | Buwase-JS Construction JV, Bhaktapur | ४,१४,५१,६३७/९३- |

**डिभिजन प्रमुख**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**